पहिलो परिच्छेद

# अध्ययन पत्रको परिचय

## १.१ विषय परिचय

लोक जीवनमा परम्परादेखि मौखिक रूपमा सुन्दै सुनाउँदै आइएको विधा नै लोकसाहित्य हो । यसका विभिन्न विधाहरू छन् । ती विधामा लोकगीत, लोककविता, लोककथा, लोकगाथा, लोकनाटक, उखान टुक्का र गाउँखाने कथा हुन् । यीमध्ये सर्वाधिक रचिने, गाइने र रुचाइने विधाका रूपमा लोकगीतलाई चिनिन्छ । लोकगीतमा लोक जीवनका सुख-दुःख आँसु-हाँसो, आशा निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार आस्था र मान्यताहरूको चित्र प्रस्तुत गरिएको हुन्छ ।

लोकगीत रागात्मक र लयात्मक हुन्छ । मानव हृदयमा रहेका प्रेम, करुणा, आशा, निराशा, हर्ष, विस्मात् आदिको अभिव्यक्ति लोकगीतमा हुने भएकाले लोकगीतलाई लोक मानसले आफ्नो ठानेको हुन्छ । लोकगीतमा आफ्नै अनुभूति व्यक्त भएको अनुभव हुने भएकाले लोकगीतलाई मानिसहरूले आफ्नै सिर्जना र अभिव्यक्तिका रूपमा स्वीकार र ग्रहण गरेको भेटिन्छ । हामी र हाम्रो परिवेशलाई हेर्दा डाँडाकाँडा, कुना, कन्दरा, उकाली, ओरालीको प्रचुरता रहेको छ ।

विविध जातजाति तथा धर्म संस्कृतिको विविधता र बाहुल्यता रहेको सुन्दर अनुपम प्राकृतिक सौन्दर्यको खानीका रूपमा रहेको नेपाल वास्तवमै लोकगीतको उर्वर भूमि हो । यहाँको लोक जीवनका आफ्नै शैली र विशेषता छन् । ग्रामीण परिवेशले ठूलो हिस्सा ओगट्नु नेपालको विशेषता हो, यही परिवेशमा लोकगीतहरू फक्रन र फुल्न पाएका छन् । आर्थिक तथा सामाजिक दृष्टिले पनि नेपाली लोक जीवन अझै परम्परागत परिवेशमै बाँचेको छ ।

नेपाली लोक जीवनमा आशा, निराशा, प्रेम, घृणा, हर्ष, विस्मात्का आ-आफ्नै अनुभूतिहरू छन् । जीविका र जीवन शैलीमा उस्तै आफ्नोपन र मौलिकताहरू विद्यमान छन् । तिनै अवस्था र अनुभूतिलाई हाम्रा कला साधक र सर्जकले निरन्तर आफ्नो सीप र सिर्जनाका माध्यमबाट हाम्रा सामु उजागर गरी रहेका छन् । नेपाली लोक सङ्गीतको

सिर्जना, उत्थान र विकासमा कैयौं सर्जकले आफ्नो जीवन समर्पण गरिरहेको यथार्थता समेत हामी सबैका सामु छर्लङ्ग छ ।

नेपाली लोक जीवनका यथार्थ पक्षलाई उस्तै शैलीमा टपक्क टिपेर लयात्मक प्रवाहमा हाम्रा सामु पस्कने प्रतिभावान् कला साधकहरूको नाम स्मरण गर्नु उपयुक्त हुन्छ । यस सन्दर्भमा हाम्रा अघिल्ला पुस्ताका धर्मराज थापा, झलकमान गन्धर्व, अलि मियाँ, कोइली देवी, कुमार बस्नेत, कल्याण शेरचन, चेतन कार्की, हिरण्य भोजपुरे, गणेश रसिक, बुद्धि परियार, बमबहादुर कार्की, प्रेमराजा महत जस्ता मूर्धन्य व्यक्तित्वहरूलाई सम्झिनु पर्दछ । यी अधिकांश साधकहरू गण्डकीको सेरोफोरोलाई नै कर्मथलो बनाई क्रियाशील रहेका भेटिन्छन् । त्यसपछिका पुस्तामा र खास गरी पोखरेली सेरोफेरोकै लोक जीवनसँग सामीप्यता राख्दै आएका सक्रिय कला साधकहरू हरिदेवी कोइराला, प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, कृष्ण देवकोटा, तारापति सुवेदी, पार्वती जी.सी., चोलेन्द्र पौडेल, जीवन दाहाल, घनश्याम रिजाल, सरस्वती लामिछाने, ज्योति लोहनी, माया गुरुङ जस्ता प्रतिभावान् व्यक्तित्वहरू देखा पर्दछन् ।

लोकगीत र लोक गायनका क्षेत्रमा सक्रिय यिनै व्यक्तित्वमध्येका गायक रामजी पौडेल पनि पर्दछन् । उनले आफ्नो गायनका माध्यमबाट नेपाली जनजीवनका हरेक पक्ष र पाटालाई अभिव्यक्त गर्दै आइरहेका छन् । नेपाली जनजीवनमा घाँस दाउरा, मेलापात, संस्कार र पर्वहरूमा युवायुवती बीच हुने प्रेम प्रसङ्ग, आकाङ्क्षा र घोचपेचलाई विषयवस्तु बनाई अभिव्यक्त गरिने दोहोरी गीत गाएका छन् । पौडेलले पाल्पा, गुल्मी र स्याङ्जाका बाहुन, क्षत्री र मगर समाजमा प्रचलित खेली गीत गाएका छन् । यसैगरी, वैदेशिक रोजगारीका लागि विदेश गएका नेपाली युवायुवतीका अन्तर मनका कथाव्यथा पोखिएका विरही भावका गीत पनि उनले गाएका छन् । साथसाथै नारी जीवनमा व्याप्त आशा, निराशा कुण्ठा, पीडा र आकाङ्क्षाको प्रतिबिम्ब देखिने तीजे गीतहरू गाएर आफ्नो गीति यात्रालाई अगाडि बढाइ रहेका छन् । यही सन्दर्भलाई समेटेर प्रस्तुत अध्ययनपत्रमा रामजी पौडेलले गाएका गीतहरूको अध्ययन गरिएको छ :

### १.२. अध्ययन पत्रको शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक 'रामजी पौडेलले गाएका गीतको अध्ययन' रहेको छ ।

## १.३ अध्ययन पत्रको प्रयोजन

प्रस्तुत अध्ययनपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषय द्वितीय वर्षको दशौँ पत्र (५४०-६) को प्रयोजनका लागि तयार गरिएको छ ।

## १.४ समस्या कथन

नेपाली लोक संस्कृतिको पहिचान, मूल्याङ्कन र योगदानको यथेष्ठ अध्ययन अनुसन्धान हुन नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा प्रस्तुत अध्ययनपत्र निम्नानुसारका समस्यामा केन्द्रित रही अध्ययन गरिएको छ :

क) गायक रामजी पौडेलको व्यक्तित्व के कस्तो छ ?

ख) रामजी पौडेलले के-कस्ता गीतहरू गाएका छन् ?

ग) रामजी पौडेलले गाएका गीतका प्रकार, विषयवस्तु, विशेषता र भाव के कस्ता रहेका छन् ?

## १.५ अध्ययनको उद्देश्य कथन

प्रस्तुत अध्ययनपत्रको मुख्य उद्देश्य लोकगीत र गायनको क्षेत्रमा सक्रिय गायक रामजी पौडेलको व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी उनको योगदानको चर्चा गर्नु रहेको छ । अध्ययनपत्रको उद्देश्यलाई निम्न लिखित बुँदाका आधारमा पूर्णता दिइएको छ :

क) गायक रामजी पौडेलको व्यक्तित्वको चिनारी दिनु,

ख) रामजी पौडेलले गाएका गीतहरूको सङ्कलन र अध्ययन गर्नु,

ग) रामजी पौडेलले गाएका गीतहरूको वर्गीकरण, विषयवस्तु र भावको विश्लेषण गर्दै विशेषता माथि प्रकाश पार्नु ।

## १.६ पूर्व कार्यको विवरण

हामीसँग हाम्रा ग्रामीण जनजीवनका ऐतिहासिक, सांस्कृतिक, सामाजिक पक्षहरूको नालीवेली अभिव्यक्त हुने आफ्नै प्रकारका मौलिकता बोकेका गीत र भाकाहरूको अद्‌भूत भण्डार छ । यस्ता गीतको अध्ययन तथा विश्लेषण गर्ने कार्य पनि प्रशस्त भएका छन् । तर यी गीत सङ्गीतका साधकको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी प्रकाशमा

ल्याउने कार्य भने अपेक्षाकृत भएको देखिदैन । लोकगीत र गायनका क्षेत्रमा प्रशस्त साधक संलग्न भएको पाइन्छ तापनि रामजी घिमिरेका बारेमा अझैसम्म कुनै चर्चा परिचर्चा भएको पाइँदैन । यस्तै, उनीको व्यक्तिगत जीवन र साधनाप्रति कसैले चासो राख्ने र समीक्षा गर्ने गरेको पनि भेटिदैन । रामजी पौडेलका बारेमा हालसम्म कुनै समीक्षा, समालोचना तथा अध्ययन हुन सकेको छैन । पौडेलले सर्वप्रथम माछापुच्छ्रे फ्रिक्वेन्सी मोडुलेसन (एफ.एम.) बाट २०६३ सालमा लोकलहरी कार्यक्रममा *'बस्नु पऱ्यो रोई, जमाना नै यस्तो हो कि मान्छे उस्तै खोई, पैसा हो कि मान्छे उस्तै खोई, पैसा भए सबै आफ्नो नत्र छैन कोई'* शीर्षकको गीत गाए । त्यसपछि उनको साङ्गीतिक यात्रा अगाडि बढेको हो । 'लोकलहरी' कार्यक्रमलाई सञ्चालक सरोज गोपालले सञ्चालन गर्नु भएको थियो । त्यस 'लोकलहरी' कार्यक्रममा दश जना सहभागी थिए । तीमध्ये रामजी पौडेल सर्वप्रथम भई छानिएका थिए ।

वर्तमान सञ्चारको विकासमा तीब्रता आइरहँदा अन्तर्वार्ता तथा कुराकानी स्थानीय र राष्ट्रिय पत्रपत्रिकामा बेलाबखत छापिएको जानकारी प्राप्त भएको पाइए तापनि गायक रामजी पौडेल र उनले गाएका गीतको अध्ययन तथा विश्लेषणसहित उनको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन एवम् समीक्षा गर्ने कार्य हालसम्म कहीँ कतैबाट भएको पाइँदैन । पोखरेली गायक गायिकाका सन्दर्भमा 'अलि मियाँको जीवनी, व्यक्तित्व र कृतित्व' (२०५४) शीर्षकमा शोधार्थी नारायणप्रसाद ज्ञवालीले शोधपत्र तयार पारेको पाइन्छ भने 'हरिदेवी कोइरालाले गाएका गीतहरूको अध्ययन' (२०६१) शीर्षकमा आनन्दसुन्दर श्रेष्ठले अध्ययनपत्र तयार गरी उनको व्यक्तित्व र कृतित्वलाई प्रकाशमा ल्याएको देखिन्छ । त्यसैगरी पद्मराज ढकालले गाएका गीतको अध्ययन शीर्षकको अध्ययनपत्र (२०६९) अध्ययनकर्ता सविता सुनामले तयार पारेको पाइन्छ । त्यसैगरी 'चोलेन्द्र पौडेलले गाएका गीतहरूको अध्ययन' (२०७०) शीर्षकको अध्ययनपत्र अध्ययनकर्ता दुर्गाबहादुर गोदार थापाले तयार पारेको पाइन्छ । यसरी केही अग्रज स्रष्टाका बारेमा मात्र अध्ययन, चर्चा, परिचर्चा भएको देखिन्छ ।

प्रस्तुत यस्ता केही प्रयास बाहेक लोकगीत, सङ्गीतलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाएर गायनका क्षेत्रमा समर्पित तथा क्रियाशील कैयौं साधकका बारेमा, उनीहरूका कार्य र कृतिका बारेमा कहीँ कुनै क्षेत्रबाट हालसम्म अध्ययन तथा विश्लेषण गरिएको भेटिदैन । यही यथार्थतालाई मध्यनजर गर्दै गायनको माध्यमबाट नेपाली डाँडाकाँडा, कुना कन्दरा र भीर पाखाका सुसेलीलाई लयात्मक प्रस्तुतिद्वारा जनमानस समक्ष पस्कन सफल

पोखरेली गायक रामजी पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी कलाको मात्र नभई कलाका साधकको पनि अध्ययन हुनुपर्छ भन्ने मान्यतामा प्रस्तुत अध्ययनपत्र केन्द्रित रहेको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

नेपाली लोकगीतको आकाशमा र विशेष गरी पोखरेली लोक गायनका क्षेत्रमा रामजी पौडेल परिचित नाम हो । उनले विभिन्न गीतहरूका माध्यमबाट नेपाली जन-जीवनका कथाव्यथा र संवेदनाहरू अभिव्यक्त गरी लोकगीत, सङ्गीतका पारखीलाई मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । पोखरेली लोक गायनका क्षेत्रमा अग्रजहरूले सिर्जना गरेको साङ्गीतिक मार्गलाई पछ्याउँदै लोकगीत सङ्गीतको भण्डार अभिवृद्धि गर्न क्रियाशील रहेका छन् । यद्यपि हालसम्म गायक रामजी पौडेलको व्यक्तित्व र कृतित्वबारे कुनै क्षेत्रबाट अध्ययन वा विश्लेषण गर्ने कार्य हुन सकेको छैन । प्रस्तुत अध्ययनपत्रमा गायक रामजी पौडेलले सङ्कलन गरेका र गाएका गीतहरूको अध्ययन गरी उनको कृतित्व र योगदानको समीक्षा गरिएकोले अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

रामजी पौडेलले गाएका र सङ्कलन गरेका गीतको विश्लेषण गर्नु यसको अध्ययन क्षेत्र रहेको छ भने प्रस्तुत अध्ययनपत्र तयार पार्दासम्म सार्वजनिक भएका उनका गीत तथा एल्बमको अध्ययनमा अध्ययन कार्यलाई सीमित गरिएको छ ।

## १.९ अध्ययन विधि

प्रस्तुत अध्ययनपत्र तयार पार्न रामजी पौडेलले गाएका तथा सङ्कलन गरेका गीतहरूको पुस्तकालयीय विधिबाट सङ्कलन र अध्ययन गरिएको छ । उनले गाएका र हालसम्म प्रकाशित भएका गीतहरूको श्रव्यदृश्य सामग्रीको सङ्कलन र उपयोग गरिएको छ । यस्तै, गायक स्वयम्सँग र उनीसित सम्बन्धित व्यक्तिसँग मौखिक तथा लिखित अन्तर्वार्ता र छलफलका माध्यमबाट प्राप्त सामग्रीका आधारमा अध्ययन तथा विश्लेषण कार्य सम्पन्न गरिएको छ ।

### १.१० परिच्छेद विभाजन

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित गर्नका लागि निम्नानुसारको ढाँचामा परिच्छेदहरूको निर्माण र विभाजन गरी अध्ययनपत्र तयार पारिएको छ :

पहिलो परिच्छेद : अध्ययन पत्रको परिचय

दोस्रो परिच्छेद : लोकगीतको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : रामजी पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय

चौथो परिच्छेद : रामजी पौडेलका गीतको सङ्कलन, अध्ययन, वर्गीकरण र विश्लेषण

पाँचौ परिच्छेद : उपसंहार

परिशिष्ट

सन्दर्भ सूची

दोस्रो परिच्छेद

# लोकसाहित्य र लोकगीतको सैद्धान्तिक परिचय

## २.१ लोकसाहित्य

लोकसाहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ हो-लोकको साहित्य । 'लोक' र 'साहित्य' दुई शब्दको संयोगद्वारा बनेको छ (बन्धु, २०५८ : १३) । लोकको अर्थात् जनताको साहित्यलाई लोकसाहित्य भनिन्छ । जनताद्वारा सिर्जना गरिने र अनन्तकालदेखि मौखिक रूपमा एक मुखबाट अर्को मुख, एक ठाउँबाट अर्को ठाउँ हुँदै विकसित जनताको साहित्य नै लोकसाहित्य हो । यसको सिर्जना शिष्ट समुदायबाट नभई सामान्य जनसमुदाय वा लोकबाट गरिन्छ । जनसाधारणका बीचमा प्रचलित एवम् लोकप्रिय भएर रहेको लोकसिर्जनाले सामान्य जनसमुदायका जीवनका सुखदुःख जस्ता प्रत्येक पक्षलाई यसले छोएको हुन्छ । यसलाई नेपालीमा अर्थ लगाउँदा हित वा कल्याणको भावनाले युक्त हुनु भन्ने हुन्छ । समग्रमा भन्दा यसको अर्थ लोक कल्याणको भावनाले युक्त अभिव्यक्ति लोकसाहित्य हो भन्ने बुझिन्छ ।

मानव सभ्यताको प्रारम्भिक अवस्थादेखि नै मानिसले आफ्ना अनुभव र अनुभूतिलाई विभिन्न माध्यमबाट भाव व्यक्त गर्ने भाषा, साहित्य र कलात्मक अभिव्यक्तिमा लोकसाहित्य र साहित्य पर्दछन् । लोक जीवनका आस्था, विश्वास, व्यवहार, चिन्तन र अनुभूतिलाई कल्पनाको आवरण दिएर रोमाञ्चक तत्त्वहरूको मिश्रण गरी कलात्मक रूपमा प्रस्तुत गरिने मौखिक साहित्य लोकसाहित्य हो । यस्तो साहित्य लोक समुदायद्वारा रचना गरिन्छ र लोक समुदायमा नै प्रचलनमा हुन्छ (पराजुली र गिरी, २०६८ : १) । यसैले नेपाली लोकसाहित्य नेपाली लोक जीवनमा प्रचलित सम्पन्न साहित्य हो ।

## २.२ लोकसाहित्यका विधा

लोकसाहित्यमा लोकका समस्त क्रियाकलापको अभिव्यक्ति प्रष्ट रूपमा भएको हुन्छ र यो निरन्तर विकासशील छ । लोक जीवनको सम्पूर्ण दर्शन नै यसैबाट प्रतिबिम्बित भएको छ । लोकसाहित्य समाजका सम्पूर्ण वर्ग र सर्वहारा वर्गको जीवन पद्धतिमा आबद्ध भएको पाइन्छ । यिनै वर्गका अनुभूतिलाई यसले आत्मसात् गरेको हुन्छ । त्यसैले लोकसाहित्यलाई

प्रतिनिधित्व गर्ने प्रमुख विधाहरू विभाजन गर्न सक्दछौं । जुन विषयवस्तुका आधारमा वर्गीकृत भएको पाइन्छ (शर्मा र लुइटेल, २०६३ : ४६) । यिनै विविध लोकसाहित्यका विधालाई यहाँ सङ्क्षेपमा चर्चा गर्दै प्रस्तुत अध्ययनपत्रमा लोकगीतको अध्ययन गर्न लागिएको छ ।

### २.२.१ लोककथा

लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन र लोकप्रिय विधा हो । जसको अस्तित्व संसारभर व्याप्त छ । संसारका सबै भाषा, जात, जाति, क्षेत्र र स्थानमा लोककथाको अस्तित्व पाइन्छ । लोककथा सुन्ने र सुनाउने प्रचलन मानव सभ्यताको प्राचीन कालदेखि प्रारम्भ भई हालसम्म कायम रहेको देखिन्छ । लोककथा सुन्न र भन्न खास कुनै औपचारिक ठाउँको आवश्यकता पर्दैन । नेपाली लोककथा विशेष गरेर बेलुकाको समयमा खाना खाइसकेपछि घरपरिवार सँगै बसेर काम गर्दा वा पारिवारिक कुराकानीको समयमा एक अर्कालाई सुनाउने र सुन्ने गरिन्छ । यसरी लोककथा भन्दा बौद्धिक ज्ञान, मनोरञ्जन, उत्साह, वीरता र शारीरिक स्फुर्ति समेत बढेको पाउन सकिन्छ ।

### २.२.२ लोकनाटक

लोकनाटक लोक जीवनलाई मनोरञ्जन दिलाउनका लागि देखाउने साना-तिना नाच पर्दछन् भने कुनै-कुनै त संवादयुक्त घटना भएका नाटक पनि देखाइन्छन् । जस्तै : रत्यौलीमा नाचिने नाच, गाईजात्रे नाच, तिहारमा गाएर नाचिने नाच, कृष्ण चरित्रमा नाचिने नाच र श्रीस्वस्थानीको समापनमा नाचिने नाच आदि सबै लोकनाटक अन्तर्गत पर्दछन् ।

### २.२.३ गाउँखाने कथा

गाउँखाने कथा सङ्क्षिप्त भएर पनि अत्यन्त प्रचलित विधा हो । खासगरी यस विधाले मनोरञ्जनमै आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ । गाउँखाने कथाको उत्तर प्रतीकका रूपमा खोज्नु पर्ने हुन्छ । यसले मानिसको दिमागलाई छिटो, छरितो र चिन्तन गर्ने प्रक्रियातर्फ अप्रत्यक्ष रूपमा अग्रसर गराउँछ । यसमा एउटा जटिल प्रश्न राख्ने वा अड्को थाप्ने काम गरिन्छ । श्रोताले यसको उत्तर दिने वा अड्को फुकाउनु पर्ने हुन्छ । यो

लोक साहित्यको रमाइलो र चुड्किलो विधा हो, जसले मनोरञ्जनका साथसाथै बुद्धि विकासमा कला सिकाउने गर्दछ ।

### २.२.४ उखान टुक्का

लोकसाहित्यका विभिन्न विधामध्ये उखान टुक्का पनि एउटा सशक्त विधा हो । लोक जीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोक्ति, उखान हो (पोखरेल र अन्य, २०४० : १३३) । यसको मूलस्रोत लोक जीवनको दिनचर्या, अभिव्यक्ति एवम् आपसी व्यवहार हो । यो लोक अनुभवबाट परिष्कृत बन्दै गएको भाषा पाइन्छ (पराजुली, २०५७ : ७) । यसले व्यवहारिक जीवनमा खारिएको सत्यतथ्य कुरा व्यक्त गर्दछ । अतः यसले मानव जीवनलाई सत् मार्गमा हिँड्न निर्देशन गर्दछ त्यसकारण यो लामो समयसम्म बाँचेको हुन्छ ।

### २.२.५ लोकगाथा

लोकका जनमानसका कथाहरू रहेको रचना लोकगाथा हो । कुनै पनि प्रबन्ध काव्य, खण्डकाव्य वा महाकाव्यलाई गाथासँग तुलना गर्न सकिन्छ । त्यसैले कुनै पनि गीतले बाँधिएको कथालाई गाथा भन्न उपयुक्त हुन्छ । नेपाली बृहत् शब्दकोशमा लोकगाथा भनेको 'परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको नृत्य र कथात्मकता समेत विद्यमान रहेको राष्ट्रिय गौरव, वीर चरित्र र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध विशेष गीत' (पोखरेल र अन्य २०४० : ११८८) हो भन्ने उल्लेख गरिएको छ । लोकसाहित्यका यी विभिन्न विधाका साथै लोकगीत पनि एक हो ।

यस अध्ययनपत्र पनि गीतसँग सम्बन्धित भएकाले लोकगीत सम्बन्धी विभिन्न सन्दर्भलाई यहाँ चिनारी दिने प्रयास गरिएको छ । अन्य विधाका तुलनामा यसलाई बढी जोड दिइएको छ ।

## २.३ लोकगीत

लोकगीत भनेको लोक जीवनको रागात्मक, स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो (बन्धु, २०५८ : १२१) । लोकगीतमा लोक जीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि व्यवहार आस्था र मान्यताको अभिव्यक्ति नै लोकगीत हो ।

यसमा लोकको संस्कृति अभिव्यक्त भएको हुन्छ । लोकगीतमा मानव हृदयमा रहेका प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा आदिको अभिव्यक्ति हुन्छ । लोकगीतले कठोर मनलाई पनि पगाल्दै रसमय बनाउँछ । यसका साथै लोकगीत मानव मनलाई सहृदयी बनाउनु यसको विशेषता हो । लोकगीतका प्रभावले मानिस आफ्ना दुःख, कष्ट, पीर, व्यथा बिर्सन्छन् । आफ्नो भोक, तिर्खा, प्यास, रागलाई भुल्छन् र गीतकै रागात्मकतामा रमाउँछन्, आनन्द लिन्छन् (बन्धु, २०५८ : १२१-१२३) । लोक मानसका स्वतःस्फूर्त अभिव्यक्तिलाई लयात्मक भाषामा प्रकट गर्दा लोकगीतको रूप फेला पारिन्छ । लोकगीत लोक जीवनमा एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको विधा हो । कसैकसैले लोकगीतलाई आफ्नै सम्पत्ति ठानेर त्यसमा मौलिकता समेत थपेर अभिव्यक्त गरेको पाइन्छ । लोकगीत लयात्मक अभिव्यक्ति हो । लय यसको आत्मा हो । लोक जीवनमा लय र भाकाका विभिन्न रूप हुन्छन् । लोकगीत विभिन्न भाषामा गाइन्छ । हामीले ती भाषामा गाइएका गीत नबुझे पनि यसले हामीलाई प्रभावित पारेको हुन्छ । विभिन्न भाषा, विभिन्न उमेर, विभिन्न संस्कृति भएका समुदायमा पनि लोकगीतले सबैको हृदयलाई एउटै बिन्दुमा ल्याउँछ । लोकगीत सुन्दासुन्दै कतिपय मान्छेमा तुरुन्त हाँसो वा आँसु देखा पर्न थाल्दछ । त्यसैले त भावनाको प्रवाह र संवेगलाई लोकजनित लयात्मक अभिव्यक्तिमा प्रस्तुत गर्दै जाने कलाका रूपमा लोकगीतलाई चिनाउँछन् (थापा, २०४१ : १००) । यसैले लोकगीत लोक जीवनको लोक अभिव्यक्ति हो । जसमा लोकको चित्रण गरिएको हुन्छ ।

### २.३.१ लोकगीतको परिभाषा

समाजको रुचि र संस्कार अनुसार लोकगीतको संशोधन, परिवर्तन र पर्वद्धन भइरहन्छ । तिनका विषय, लय, प्रस्तुति आदिमा नित्य नवीन विशेषता देखा परिरहन्छन् । त्यसैले ती कहिल्यै पनि म्याद गएका बासी सामग्री बन्दैनन् । आफूलाई समयको गति सापेक्ष बनाउँदै आफ्नो प्रभाव कायम राख्न ती सक्षम हुन्छन् । लोकगीतलाई चिनाउन विभिन्न विद्वान्ले यसलाई आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । ती मध्ये केही महत्त्वपूर्ण परिभाषा निम्न छन् :

“लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मातृभाषाका नाताले मानव-समाजमा नैसर्गिक रूपले दुःखसुखको अभावमा दया, माया, प्रेम भाव अभिव्यक्ति हुँदा स्वयम्

उद्गारको रूपमा निस्केर लयदार तर जसमा काव्यमयी शैली भई सिर्जना हुन्छन्" (जोशी, २०१४ : २५) ।

जोशीको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा के भन्न सकिन्छ भने, मानव जीवनका दुःख, सुख, माया, स्नेह र प्रेम भावलाई अभिव्यक्त गर्ने लयात्मक शैली लोकगीत हो । लोकगीत लयात्मक एवम् श्रुतिमधुर हुन्छ । यसले स्रोताको ध्यान तान्न सक्छ त्यसैले यो एउटा सङ्गीतका रूपमा अभिव्यक्त हुने माध्यम हो ।

"लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःख-सुख आँसु-हासो, आशा-निराशाका साथै लोकको चालचलन विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ" (बन्धु, २०५८ : ११५) ।

बन्धुको प्रस्तुत परिभाषालाई हेर्दा लोकगीतले हाम्रा लोक जीवनमा तथा चलन चल्तीमा रहेका पुराना संस्कार, संस्कृति, विधि, व्यवहार, आस्था र मान्यतालाई झल्काउने एउटा माध्यम हो भन्ने कुरामा जोड दिएको बुझिन्छ ।

"लोकगीत हृदयको स्वतः स्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो" (पराजुली, २०५७ : ६९) ।

पराजुलीको प्रस्तुत परिभाषालाई हेर्दा कुनै करकाप विना व्यक्तिको भित्री आत्मा अथवा हृदयदेखि स्वतःस्फूर्त रूपमा निस्कने अभिव्यक्ति लोकगीत हो । जुन अभिव्यक्तिले कसैलाई बाधा, व्यवधान, हानी, नोक्सानी, पीडाबोध नगराउने सरल लयबद्ध अभिव्यक्ति हो भन्ने कुरा पुष्टि गर्न सकिन्छ ।

यी माथिका परिभाषालाई समेट्दै समग्रमा लोकगीत भनेको लोकले मौखिक रूपमा जीवित राखेको लोक मानसको, लोक हृदयको स्वतः स्फूर्त लयात्मक अनि गेय अवैयक्तिक अभिव्यक्ति नै लोकगीत हो भन्न सकिन्छ ।

### २.३.२ लोकगीतका प्रमुख तत्त्वहरू

लोकगीतको निर्माण हुनका लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । जसरी एउटा घर बनाउनका लागि ढुङ्गा, माटो, काठ, खर आदि तत्त्वहरूको खाँचो पर्दछ । त्यसैगरी लोकगीतको संरचना खडा गर्नका लागि विभिन्न तत्त्वहरूको आवश्यकता हुनु स्वभाविकै हो ।

यसका लागि बन्धुले लोक संरचनाका सन्दर्भ, विषयवस्तु, भाव, भाषा, स्थायी, अन्तरा, थेगो, लय वा भाका, शैली आवश्यक रहने सन्दर्भ उल्लेख गरेका छन् (बन्धु, २०५८ :११५) । नेपाली लोकगीत संरचना निर्माण गर्ने प्रमुख तत्त्वहरू निम्नलिखित छन् :

#### २.३.२.१ लोक सन्दर्भ

लोकगीतको प्रमुख तत्त्व अन्तर्गत लोक सन्दर्भ पर्दछ । यसको आफ्नो नीति सन्दर्भ हुन्छ । यस्ता सन्दर्भहरू धेरै किसिमका हुन्छन् । जस्तै सामाजिक, मनोरञ्जनमूलक, धार्मिक, श्रममूलक, सांस्कृतिक, भाषिक, लोकसाङ्गीतिक शृङ्गारिक आदि सन्दर्भ हुन्छन् । उदाहरणका लागि असारे गीतले आफ्नो रूप चहक्याउनका लागि असार महिनाको खेत रोपाइँको श्रममूलक सन्दर्भ खोज्छ, यसका प्राकृतिक वातावरणमा हली, बाउसे, खेताला र वियाडेले गाएको असारे गीतले ओज प्राप्त गर्छ । यसमा एकातिर खेत हिल्याउँदै बाउसेले आली लगाउँछन् भने अर्कातिर खेतालाहरू धानको बीउ रोप्दै र बीउ काँढ्दै गरेको वातावरण असारे गीतका लागि उपयोगी मानिन्छ । यस्ता प्रकारले खेत रोपाइँका सन्दर्भमा गाएको गीत नै असारे गीत हो । यो गीत तीजका बेलामा गाउँदा जति ओजपूर्ण हुन्छ र त्यती असारे गीत हुन सक्दैन ।

#### २.३.२.२ विषयवस्तु र भाव

लोकगीतका लागि अत्यावश्यक तत्त्व विषयवस्तु र भाव हो । लोकगीत साना बालकदेखि बुढापाकासम्मले गाउँछन् । यसरी गाउने गीतमा कुनै-कुनै विषयवस्तु र भाव आएकै हुन्छ । त्यो विषय, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक, वैज्ञानिक आदि जे पनि हुन सक्छन् । जस्तैः-भजन, मालश्री, आरती आदिमा धार्मिक विषय हुन्छ भने सालैजो, झ्याउरे, यानिमाया, कौरा गीतमा प्रेम विषय हुन्छन् । रत्यौली गीतमा हाँसोयुक्त पक्षलाई विषय बनाइएको हुन्छ । त्यसैले विषयवस्तु र भावलाई लोकगीतको अनिवार्य तत्त्व मानिन्छ ।

#### २.३.२.३ भाषा

लोकगीतको अर्को महत्त्वपूर्ण तत्त्व भाषा हो । यसमा प्रयोग हुने भाषा लोकस्तरको सरल र कलात्मक हुन्छ । यस्तो सरल भाषा लोक जीवनमा भिजेको हुन्छ । भाषाले विषयको

अर्थबोध गराउँछ भने लयले साङ्गीतिक आनन्द दिन्छ । लोकगीत पनि भाषिक अभिव्यक्ति हो, त्यसैले लोकगीतमा भाषालाई अनिवार्य तत्त्व भनिएको हो ।

### २.३.२.४ स्थायी, अन्तरा र थेगो

लोकगीतका लागि नभई नहुने अर्को अनिवार्य तत्त्व स्थायी, अन्तरा र थेगो हो । लोकगीतमा पटक-पटक दोहोरिई रहने पङ्क्ति समूह स्थायी हो । यही स्थायीलाई छेकेर गाइने लोकगीतको पङ्क्ति समूह अन्तरा हो भने, लोकगीतमा दोहोरिने निरर्थक वाक्यांश थेगो हो । उदाहरणका लागिः

**स्थायी-** *डाँडै घुम्यो चिल, नहुन रैछ र, सारै बस्यो दिल*

**अन्तरा-** *आजभोलि के हुन्छ के हुन्छ ?*
*वनको न्याउली कराउँदा मन रुन्छ ।*

**थेगो-** *हे, हा, आहोइ*

लोकगीतमा स्थायी, अन्तरा र थेगो तीनवटै तत्त्व समावेश भएका गीत पनि हुन्छन् भने थेगो र स्थायी वा अन्तरा र स्थायी समावेश भएका गीत पनि हुन्छन् । यी कुनै पनि मिश्रण नभएका गीत त्यति राम्रा हुँदैनन् । त्यसैले स्थायी र थेगोलाई लोकगीतका अनिवार्य तत्त्व भनिएको हो ।

### २.३.२.५. लय

लय लोकगीतको अर्को प्रमुख तत्त्व हो । लय भन्नाले स्वरको आरोह अवरोह हो । लोकगीतमा हुने स्वरको आरोह अवरोहलाई लोकलय भनिन्छ । यसका तीनवटा क्रम हुन्छन्, जुन द्रुत, मध्य र बिलम्बित हुन् । यसरी लय पनि फरक-फरक हुन्छ । नेपाली लोकगीतमा धेरै किसिमका लय छन् । जस्तैः सालैजो, झ्याउरे, असारे, देउसी, भैलो, यानिमाया, सुनिमाया, रोइला आदि । यी लय नै लोकगीतका भाका हुन् । यस्ता प्रकारका भाकालाई ठाडो भाका, तेस्रो भाका, घुमाउरो भाका, लस्के भाका जस्ता नामले चिनिन्छन् । झ्याउरे गीतको लय एकै किसिमको हुन्छ भने असारे गीतको लय अर्को किसिमको हुन्छ । त्यसैगरी तीजे गीतको लय अर्कै किसिमको हुन्छ । त्यसैले लयलाई लोकगीतको मेरुदण्ड मानिन्छ । लयको अभावमा लोकगीत अपूर्ण मानिन्छ ।

### २.३.२.६ शैली

शैली भन्नाले पद्धति, रीति, ढाँचा, परिपाटी, तरिका भन्ने बुझिन्छ । यो पनि लोकगीतको अत्यावश्यक तत्त्व हो । लोकगीतका सन्दर्भमा लोकगीत गाउने तरिकालाई नै शैली भन्ने बुझिन्छ । यसका पनि विविध भेद छन् । जस्तैः सरल तरिका, आलङ्कारिक, वर्णनात्मक, आत्मपरक, संवादात्मक, मनोवादात्मक शैली आदि । नेपाली लोकगीतमा प्रायः प्रशस्त मात्रामा सरल शैलीको प्रयोग पाइन्छ । दोहोरी गीतमा भने तार्किक शैली प्रवल रूपमा पाइन्छ । हालसालैका दोहोरी गीतमा आलङ्कारिक शैलीको प्रयोग प्रचुर मात्रामा भएको पाइन्छ ।

## २.४ लोकगीतका विशेषता

लोकगीत विभिन्न विशेषताले युक्त हुन्छ । लोकगीतका विषयवस्तु, भाव, भाषा, प्रस्तुति, सिर्जना आदिका आधारमा यसलाई ठम्याउन सकिन्छ । लोकगीतका विशेषता यस प्रकार छन् :

### २.४.१ सरल र सहज

लोकगीतको अभिव्यक्ति सरल र सहज हुन्छ । साधारण भनाइले यसमा मिठास थपेको हुन्छ । यो भावुक हृदयबाट प्रस्फुटित हुन्छ । यसले आत्माले साहित्यलाई पनि आत्मसाथ गरेको हुन्छ ।

### २.४.२ मौखिक र श्रुतिपरम्परामा आधारित

लोकगीत मौखिक र श्रुतिपरम्परामा जीवित रहँदै आएको छ । यो लिखित नभई अलिखित रूपमा रहन्छ । यसलाई सङ्कलन गरी लिपिबद्ध गरेपछि मात्र यसको विकासशील र परिवर्तनशील रूपमा निरन्तरता पाएको देखिन्छ ।

### २.४.३ रचनाकार र रचनाकाल अज्ञात

लोकगीत प्राचीन कालदेखि नै परम्परागत रूपमा निरन्तर चलेर आइरहेको छ । यो कसले र कहिले रचेको हो भन्ने सन्दर्भमा तथ्य जानकारी अहिलेसम्म पनि पाउन सकिएको छैन ।

### २.४.४ लयात्मक र सङ्गीतात्मक

लोकगीत गाउनका लागि लय र सङगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । लोकगीतले सङ्गीतको समुचित प्रयोग गरेको हुन्छ । कतिपय लोकगीतमा निरर्थक शब्दको समेत प्रयोग हुने हुँदा साङ्गीतिक धुनको आवश्यकता रहन्छ । यसलाई, बाँसुरी, मादल आदि विभिन्न वाद्ययन्त्रका प्रयोगबाट सङ्गीत पूर्ण बनाइन्छ ।

### २.४.५ परिवर्तनशील

लोकगीतमा समय र स्थान अनुसार परिवर्तन आउने गर्दछ । यसमा हुने परिवर्तनशीलतालाई नै यसको विकासशीलता मानिन्छ । प्राचीनता, पारम्परिकता, हस्तान्तरणीयता, मौखिकता आदिका कारण यसमा समय-समयमा परिवर्तन देखा परिरहन्छ ।

## २.५ लोकगीतका प्रकार

नेपालीमा धेरै प्रकारका लोकगीत पाइन्छन् । प्रत्येक लोकगीतका आफ्नै विशेषता, महत्त्व र प्रकार रहेको देखिन्छ । त्यसैले अध्ययनका क्रममा लोकगीतका प्रकार धेरैले धेरै उल्लेख गरेका छन् । तापनि सर्वसम्मत, वैज्ञानिक अथवा निर्दोष वर्गीकरण कसैले गर्न सकेका छैनन् (न्यौपाने, २०६६ : १२) । नेपाल बहुभाषा, बहुजाति, भौगोलिक विविधता, प्राकृतिक प्रचुरता र साँस्कृतिक अनेकताले समुन्नत सुन्दर र शान्त मुलुक हो । लोकगीत नेपालीको सांस्कृतिक धरोहर हो । लोकगीत लोकसाहित्यको विकसित अंग हो । लोकसाहित्य रूपी सागर मा अनेकौं भावानुभूतिका नदीको संगम रहन्छ। त्यस्तै लोकसाहित्य एउटा सुन्दर माला हो । यसमा अनभूतिका विविध फूलको सुंगन्ध रहन्छ ।

मानवीय भाषाको अनुकरणसँगै अङ्कुरित भएर हाम्रो जीवन विकासको इतिहास बोकेका हाम्रा लोकगीत नेपालको राजनैतिक, भौगोलिक, सीमारेखालाई नाघेर नेपाली भावनासँगै नेपाली पद चिन्हसँगै नेपाली सांस्कृतिक प्रतिनिधित्व गर्दै वर्तमानमा देशविदेशसम्म बिस्तारित भइरहेका छन्। लोकगीतमा मान्छेका विचार वा भावना अभिव्यक्त हुने हुनाले जनमानसका स्वाभाविक मनोवैज्ञानिक भावभूमिमा समानता हुने हुनाले लोकगीतमा विविधता पाइन्छ । यसैले प्रत्येक लोकगीतलाई निश्चित वर्गमा समेट्ने किसिमको वर्गीकरण गर्न कठिन छ ।

यस्तो अवस्था हुँदाहुँदै पनि केही विद्वान्ले लोकगीतलाई वर्गीकरण गर्ने आधार तयार पारेका छन् । जसअनुसार नेपाली लोकगीतलाई बाह्रमासे गीत, श्रमगीत, पर्वगीत र संस्कार गीत गरी चार प्रकारमा विभाजन गरेको पाइन्छ ।

### २.५.१ बाह्रमासे गीत

लोकगीतलाई वर्गीकरण गर्दा बाह्रमासे गीत गीति वर्गीकरणका चार प्रकारमध्येको एक गीत हो । प्रस्तुत गीत बाह्र महिनाका जुनसुकै समयमा गाउन सकिने भएकाले बाह्रमासे गीत भनिएको हो । बाह्रमासे गीतका लागि खास समय, अवसर, महिना, ऋतु वा चाडपर्व आदि केहीको आवश्यकता पर्दैन । यो जुनसुकै समयमा पनि गाउन सकिन्छ । मनले गाउन चाहेपछि जति बेला पनि सदाकालीन वा बाह्रमासे गीतहरू स्वतः प्रस्फुटित हुन्छन् । जुन गीतमा विरह, वेदना, दुःख, पीडा, हाँसो, रोदन, हर्ष, विस्मात् अभिव्यक्त भएको पाइन्छ ।

### २.५.२ श्रमगीत

श्रमगीत विशेष गरी खेतबारीमा काम गर्दा गाइने गीत हो । यो खासखास समयमा खासखास काम गर्दा गाइन्छ । यो एक प्रकारको कर्मगीत पनि हो । खेतबारीमा काम गर्दाको समयमा गीत गाइने हुँदा यस गीतलाई कर्मगीत वा श्रमगीत भनिन्छ (पराजुली, २०५७ : २०८) । यी गीतहरू एकातिर रोपाइँ, गोडाइ, दाइँ आदिसँग सम्बन्धित छन् भने अर्कोतिर असार, भदौ, मंसिर, जेठ आदि समयसँग सम्बद्ध हुन्छन् । काम र समयको तालमेल मिलाएर गाइने हुँदा यिनलाई सामाजिक वा समय विशेषको लोकगीत भनिएको हो । जस्तैः जेठेगीत, असारेगीत, साउनेगीत, भदौरेगीत दाइँगीत, बालीगीत, भारी उचाल्ने गीत आदि ।

### २.५.३ पर्वगीत

नेपाल संस्कृतिले समृद्ध देश हो । यहाँ विभिन्न पर्व मनाइन्छन् । त्यही पर्व विशेष वा चाडवाडमा गाइने गीतलाई पर्वगीत भनिन्छ । हाम्रो नेपाली समाजमा वसन्त ऋतुको आगमनसँगै विभिन्न पर्वहरूको सुरुवात हुने गर्दछ । सामाजिक विषयवस्तु, भावगत विविधता भएको हाम्रो नेपाली समाजमा फरक-फरक खालका पर्वगीत देखा परेको पाइन्छ

(बन्धु, २०५८ : १७२) । चाडवाडमा गाइने गीत जस्तैः गौरा गीत, कृष्ण जन्मेको गीत, तीजगीत, मालसिरी, पिङ खेल्दाको गीत, भैलो, देउसी आदि गाइन्छन् ।

### २.५.४ संस्कार गीत

नेपालमा विभिन्न जातिका आ-आफ्नै संस्कार छन् । तिनै जातिका आ आफ्ना संस्कारमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । माङ्गलिक अवसरमा महिला पुरुष दुवै मिली माङ्गलिक कार्यको आरम्भमा गाइने गीत हो । यो गीत बढी मात्रामा ब्राह्मण तथा क्षत्री जातिका महिलाले गाएको भेटिन्छ भने पुरुष अन्तर्गत गन्धर्व जातिले गाउँदा सारङ्गी बाजा बजाउनु र धर्म, अर्थ, मङ्गल, मनोरञ्जन प्राप्त गर्ने उद्देश्यले गाइनु यस गीत अन्तर्गत पर्दछ । लोक कल्याणकारी भावनासँग यस गीतको सम्बन्ध जोडिएको हुन्छ । विविध संस्कारमा आफ्नो मान्यता र विश्वास अनुरूप विशेषतः वैदिक विधानका रूपमा संस्कार गीत गाइने गरेका छन् (पराजुली, २०५७ : २२३) । विभिन्न संस्कार गर्दा गाइने गीतहरू जस्तै : मागल, सगुन, फाग, खाँडो, रत्यौली विवाहमा गाइने सिलोक, तरबारे गीत आदि छन् ।

## २.६ निष्कर्ष

लोकसाहित्य लोक जीवनमा परम्परादेखि मौखिक रूपमा चल्दै आएको अज्ञात रचनाकारको अभिव्यक्ति हो भने जनसाहित्य चाहिँ जनताको बोलीचाली र मर्मका आधारमा जन हृदय छुने गरी रचिएको साहित्य हो । लोकसाहित्य नेपालको गाउँमा मात्र सीमित नभई शहरमा पनि प्रचलित छ । यसरी स्थान, भूगोल र भाषामा निहित अत्यन्त व्यापक र विशिष्ट रूपमा रहेका लोकगीत, लोककविता, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान टुक्का आदि विविध विषयको समष्टि रूपलाई लोकसाहित्य भन्नु युक्ति सङ्गत देखिन्छ ।

लोकगीत लोकका गलागलामा बसी एक ठाउँबाट अर्को ठाउँमा पुग्दै त्यहाँको स्थानीयता ग्रहण गर्दै त्यो गीत हाम्रो समाज र स्थान अनुसार मौखिक रूपमा परिवर्तन हुँदै परिस्कृत र परिमार्जित भएको पाइन्छ । लोकगीतमा लोक जीवनका तथा लोकमा घटेका दुःख-सुख, आँसु-हाँसो आशा-निराशा, पीर-वेदना, माया-प्रेम, मिलन-विछोड, चालचलन, व्यवहार, धर्म, आस्था र मान्यताको अभिव्यक्ति प्रस्तुत गरिएको हुन्छ ।

तेस्रो परिच्छेद

# रामजी पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व

## ३.१ रामजी पौडेलको सङ्क्षिप्त जीवनी

रामजी पौडेल पोखराको सुन्दर प्राकृतिक भू-बनोटको काखमा जन्मेर हुर्केका व्यक्तित्व हुन् । नेपाली लोकगीत र सङ्गीतलाई आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा अँगाली उनी गायनका क्षेत्रमा क्रियाशील छन् । प्रस्तुत परिच्छेदमा रामजी पौडेलको जीवनी, व्यक्तित्व र कृतित्व जस्ता विविध पक्षलाई प्रकाश पार्दै यस परिच्छेदमा उनको जीवनी प्रस्तुत गरिएको छ ।

### ३.१.१ पारिवारिक पृष्ठभूमि

कास्की जिल्लाको भदौरे तमागी गाउँ विकास समिति वडा नम्बर ४ (हालको पोखरा लेखनाथ महानगरपालिका-२३) हर्पन भन्ने गाउँमा रामजी पौडेलको पुर्ख्यौली बसोबास रहँदै आएको छ । रामजी पौडेलका पुस्ताहरू उक्त ठाउँमा कास्कीकै पाउँदुर भन्ने ठाउँबाट बसाइँ सरी आएको पाइन्छ । कपिलमणि पौडेल र चन्द्रकली पौडेलका तीन छोरामध्ये माइला छोराका रूपमा जन्मेका रामजी पौडेलका दुई दिदी, एक दाजु र एक भाइ छन् । दाजु वैदेशिक रोजगारीको सिलसिलामा जापानमा छन् भने भाइ रूपेश पोखराको पृथ्वी नारायण क्याम्पसमा स्नातक तहमा अध्ययनरत छन् । दिदीहरू चित्रकला र शान्ति दुबैको विवाह भइसकेको छ ।

### ३.१.२ जन्म र शिक्षा

रामजी पौडेलको जन्म २०४२ साल मंसिर २३ गतेका दिन भएको हो । सामान्य किसान परिवारमा जन्मेका पौडेलले गाउँकै जनसिद्ध नि.मा.विबाट शिक्षा आरम्भ गरेका हुन् । गाउँकै जनसिद्ध निम्न माध्यमिक विद्यालयमा कक्षा ८ सम्म अध्ययन गरेका पौडेलले माध्यमिक तहको अध्ययन चापाकोट गा.वि.स.को सिद्धबराह माध्यमिक विद्यालयबाट पूरा गरे । माध्यमिक तहको अध्ययनपछि उच्च शिक्षाका लागि पोखराकै पृथ्वीनारायण क्याम्पसमा भर्ना भएपछि उनको साङ्गीतिक क्षेत्रमा क्रियाशील बन्ने सुअवसर मिलेको कुरा

उनी बताउछन् । पृथ्वीनारायण क्याम्पसबाट स्नातक उत्तीर्ण गरेका पौडेल हाल स्नातकोत्तर तहमा अध्ययनरत छन् । सरगम सङ्गीत केन्द्र बगर, सङ्गीत प्रशिक्षण केन्द्र विन्ध्यवासिनीमा सङ्गीत सिकेपछि उनमा सङ्गीत सम्बन्धी ज्ञान र रुचि बढ्दै गएको पाइन्छ ।

### ३.१.३ दाम्पत्य जीवन र परिवार

रामजी पौडेलको पोखरा लेखनाथ महानगरपालिका-२२ निवासी प्रेमराज बराल र कृष्णकुमारी बरालकी जेठी सुपुत्री शान्ति बरालसँग २०६८ साल फाल्गुन १४ गते परम्परागत विवाह भएको हो । उनका परिवारमा हाल पत्नी शान्ति बरालसहित छोरा सरगम पौडेल रहेका छन् । छोरा सरगमले भर्खरै शिक्षा प्रारम्भ गरेका छन् । पौडेलको दाम्पत्य जीवन सुखद् रूपमा व्यतित भैइरहेको देखिन्छ ।

## ३.२ रामजी पौडेलको गायन क्षेत्रमा प्रेरणा र प्रारम्भ

रेडियोमा बज्ने लोकगीत, आधुनिक गीत र चलचित्रका गीतहरू नै रामजी पौडेलका मुख्य प्रेरणाका स्रोत हुन् । सानैदेखि गीतसङ्गीतमा रुचि भएका पौडेल एक पटक रेडियोमा सुनेका गीत टपक्कै टिपेर जस्ताको त्यस्तै गाउन सक्थे । स्कूलमा विभिन्न प्रतियोगितामा पनि उनी सधैँ अगाडि रहन्थे (शोधनायकबाट प्राप्त जानकारी) । पढाइ सँगसँगै बाल्यकालमा जता जाँदा पनि पौडेल गीत गाउँदै हिँड्ने गरेको बताउछन् । उनले गीत गाएको सुन्दा खेतबारीमा काम गर्ने मानिस कामै छोडेर गीत सुन्ने गरेको रमाइलो अनुभव उनीसँग छ ।

गाउँमा हुने पूजाआजा, विवाह, व्रतबन्धमा भजन र रत्यौली जस्ता गीत गाउने ठाउँमा उनी सानैबाट जान्थे । उनको स्वर सुन्ने सबैले कलाकार हुने भविष्यवाणी गर्थे । २०६३ सालको शिवरात्रिमा साथीसँगी करापुटार मेला लम्जुङ घुम्न गएको बेलामा लहैलहमा त्यही मेलामा भएको खुला दोहोरी गीत प्रतियोगितामा भाग लिएका रामजी पौडेलले ३६ टिमलाई पछि पार्दै प्रथम भएपछि उनको दोहोरी गीत प्रतियोगितामा सहभागिता बढ्न थाल्यो ।

पौडेल स्याङ्जा, पाल्पा, बुटवल, तनहुँ, लमजुङ, गोर्खा, अर्घाखाँची, दाङ, सुर्खेत, काठमाडौंलगायतका स्थानमा भएका दोहोरी गीत प्रतियोगितामा प्रथम भएको, त्यसपछि पोखराका मेला महोत्सवमा प्रथम हुने गरेको उनको अनुभव छ । नारायण रायमाझी,

बिमाकुमारी दुरा, लोकबहादुर क्षत्री, बमबहादुर कार्की, प्रेमराज महत, पुरुषोत्तम न्यौपाने लगायतले गाएका गीत सुनेपछि भविष्यमा आफू पनि यसैगरी गीत गाउने उनको सपना थियो । उनी आज आफूलाई दोहोरी गायकको रूपमा स्थापित गर्न सफल भएका छन् ।

### ३.३ रुचि, स्वभाव र अविस्मरणीय क्षण

अनुशासित, मिलनसार, भद्र र अन्तरमुखी स्वभावका रामजी पौडेल सबैको मनमा सजिलै बस्न सक्ने व्यक्ति हुन् । उनको गायन बाहेक नृत्य र अभिनयमा पनि विशेष रुचि रहेको पाइन्छ । रामजी पौडेलको साङ्गीतिक यात्रामा अविस्मरणीय क्षणमध्ये पहिलो पटक लमजुङको करापुरटारमा साथीको लहलहैमा लागेर लोकदोहोरी प्रतियोगितामै प्रथम स्थान हासिल गर्दाको क्षण कहिल्यै नबिर्सने बताउँछन् ।

### ३.४ संलग्नता, सम्मान र पुरस्कार

२०६५ सालबाट दोहोरी साँझमा कार्यरत रामजी पौडेल हाल सिर्जनाचोक पोखरामा रहेको बिसौनी दोहोरी साँझका सञ्चालक पनि हुन् । उनले उक्त दोहोरी साँझ सञ्चालन गरेर आफ्नो गायन कलालाई निखारता ल्याएका छन् । एकातर्फ लोकगीतको संरक्षणमा टेवा पुऱ्याएका छन्, अर्कोतर्फ आफुलाई व्यवसायीका रूपमा पनि स्थापित गरेका छन् ।

यसका साथसाथै उनी पोखराको फेवा टेलिभिजनमा कार्यक्रम प्रस्तोताका रूपमा आवद्ध छन् । उनले उक्त टेलिभिजनबाट लोकगीत सम्बन्धि कार्यक्रम सञ्चालन गरेर आफूलाई कुशल प्रस्तोताका रूपमपा पनि चिनाएका छन् । दोहोरी रेष्टुरेन्ट सञ्चालन, टेलिभिजनमा कार्यक्रम सञ्चालन सँगसँगै आफूलाई कुशल लोकदोहोरी गायकका रूपमा चिनाउन सफल पौडेललाई विभिन्न वर्षमा विभिन्न प्रतियोगितामा, मेला महोत्सवमा गीत गाएवापत सम्मान गर्ने विभिन्न सङ्घसंस्था रहेका छन् । यसरी गायनमा लाग्दा सर्जकको साधना र आयोजकको उद्देश्य प्राप्ति दुवैमा सफलता मिल्ने क्रममा उनको कलाले मौलाउने अवसर पाएको छ । उनको गायनमा केही जिम्मेवारी थपिएका छन् । केही सम्मान र पुरस्कार हात लागेका छन् । जसअन्तर्गत राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान गण्डकी, शुक्ला गण्डकी युवा क्लब लामाचौर, अलि मियाँ लोक वाङ्मय प्रतिष्ठान (२०६७), हर्पन आमा समूह, अर्चलबोट आमा समूह (२०६८), सुनौलो रेडियो (२०६९), हाम्रो सगरमाथा फाउण्डेसन हङकङ (२०७२), हिमालय युवा क्लब बाटुलेचौर, राष्ट्रिय लोक दोहोरी प्रतिष्ठान

कास्की (२०७३) र परोपकार महासङ्घ नारी समूह (२०७४) लगायतका संघसंस्थाले उनलाई सम्मान गरेका छन् ।

यसैगरी, पौडेल विभिन्न लोकगीत र दोहोरी गीत प्रतियोगितामा पनि सामेल हुँदै आएका छन् । उनी रेडियो अन्नपूर्णद्वारा आयोजित अलि मियाँ लोकतारा-२०६७ एकल गायनमा सहभागी भएर बिजेतासमेत भएका छन् । सोही गायनमा सफल भएवापत उनले बस्नुपऱ्यो रोई शीर्षकको एकल गीत रेकर्ड गर्ने अवसर पाएका थिए ।

यसरी, संघसंस्थाका कार्यक्रममा सहभागी भएर, आफ्नो प्रतिभा देखाएर विभिन्न सम्मान पाउँदै आएका पौडेलले यसबाहेक विभिन्न दोहोरी गीत प्रतियोगितामा पुरस्कार प्राप्त गरेका छन् । उक्त प्रतियोगितामा उनले प्रायः प्रथम स्थान नै प्राप्त गरेका छन् । जसलाई वर्षानुसार यहाँ उल्लेख गर्न उपयुक्त देखिन्छ । रामजी पौडेलले करापुटार मेला दोहोरी गीत प्रतियोगिता-२०६३ मा प्रथम प्राप्त गरेका छन् । यसैगरी, फेवा नववर्ष महोत्सव र लेखनाथ नववर्ष महोत्सव दोहोरी गीत प्रतियोगिता (२०६४) मा द्वितीय स्थान प्राप्त गरेका छन् । यस्तै, पृथ्वीनारायण क्याम्पस स्ववियूको नवआगन्तुक विद्यार्थीलाई स्वागतार्थ आयोजित दोहोरी गीत प्रतियोगिता २०६४ र २०६५ मा प्रथम स्थान प्राप्त गरेका छन् । यसैगरी, २०६५ सालमा आयोजित दशैं तथा तिहार मेला पर्वत, काहुँ धराहरा महोत्सव पोखरा, तनहुँ महोत्सव तनहुँ, फेवा नव वर्ष महोत्सव पोखरा, दशैं महोत्सव, सडक महोत्सव, प्रथम वालिङ महोत्सवमा प्रथम स्थान प्राप्त गरेका छन् ।

२०६३ सालदेखि दोहोरी प्रतियोगितामा भाग लिँदै आएका पौडेलको त्यो शृङ्खलाल २०६६ सालमा पनि निरन्तर रहेको पाइन्छ । उनले २०६६ सालमा राष्ट्रिय औद्योगिक व्यापार मेला, रूपाकोट महोत्सव, दोस्रो ढोरपाटन सनी हाउजिङ्ग खुला लोकदोहोरी प्रतियोगिता, तनहुँ महोत्सव, वालिङ महोत्सव, खैरेनीटार महोत्सव, अन्तर्राष्ट्रिय महोत्सव सुर्खेत-२०६६ मा प्रथम स्थान प्राप्त गर्न सफल भएका छन् । यसैगरी लेखनाथ उद्योग वाणिज्य संघद्वारा आयोजित लेखनाथ महोत्सव-२०६५ र २०६६ मा लगातार प्रथम हुन सफल भएका छन् । यस्तैगरी, दशैं महोत्सव-२०६५ मा उत्कृष्ट गायकको रूपमा पुरस्कृत भएका छन् ।

यसरी रामजी पौडेलको गायनबाट प्रभावित भएर मोफसलका विभिन्न संघसंस्थाले उनलाई सम्मान गरेका छन् । उनले सहभागीता जनाएर विभिन्न प्रतियोगितामा आफूलाई विजेता बनाउन सफल भएका छन् । जनस्तर र मोफसलबाट उनले जुन लोकप्रियता पाएका छन् । राष्ट्रियस्तरमा उनको कलाको सम्मान हुन सकेको छैन । उनको कलाको

राज्यपक्षबाट यथोचित सम्मान नभएको आँकलन गर्न सकिन्छ । राष्ट्रियस्तरमा राज्यले गायक, गायिका, स्रष्टा र सिर्जनाका लागि विभिन्न पुरस्कार राखेको छ । राष्ट्रियस्तरकै विभिन्न निजी संघसंस्थाका अवार्ड रहेका छन् त्यसमा भने पौडेलका सिर्जनाको पहुँच अझैसम्म पुग्न सकेको देखिँदैन । स्थानीयस्तरमा उनलाई अब्बल देखे तापनि राष्ट्रियस्तरमा पुग्नका लागि सर्जकमा पर्याप्त साधनाको आवश्यकता देखिन्छ । जसका लागि आफूलाईं निरन्तर साधनामा क्रियाशील गराउन आवश्यक महसुस हुन्छ ।

### ३.५ प्रकाशित कृति

कर्मशील र प्रतिभावान् पौडेलको आफ्नै आवाज रहेका धेरै गीत सुन्न पाइन्छ । आफूले सङ्कलन गरेका गीत सङ्गीतका श्रव्यदृश्य क्यासेट एल्बम बजारमा पाउन सकिन्छ । विभिन्न प्रकृतिका गीति क्यासेटमा उनले स्वर दिएका छन् । जसलाई विभिन्न कला साधकले प्रकाशन गरेर बजारमा ल्याएका छन् । रामजी पौडेल प्रायः मेला, महोत्सव र विभिन्न पर्वमा प्रत्यक्ष गीत गाउने गायक हुन् । यो हुँदाहुँदै पनि उनले केही आफूँले पनि गीति एल्बम प्रकाशन गरेका छन् ।

प्रायः कलाकारले आफ्नो लगानीमा गीति एल्बम, म्यूजिक भिडियो प्रकाशन गर्ने भन्दा अरुका गीतमा स्वर दिँदै आएको धेरै पाइन्छ । नवकलाकारलाई कलाकार बन्ने रोग लागेपछि उनीहरू पैसा तिरेर अर्काको स्वर किनेर आफ्नो लगानीको फलानाको स्वर तथा शब्दमा भनेर एल्बम बजारमा पठाउँछन् । त्यो क्रममा पौडेल पनि अग्र पंक्तिमा छन् । जसबाट एकातर्फ सिर्जनशील कलाकारलाई प्रोत्साहन मिलेको छ । अर्कोतर्फ सर्जकको कला पनि खारिदैं गएको छ । फलस्वरूप उनका गीतले पनि दिन प्रतिदिन लोकप्रियता हासिल गर्दै आएका छन् । यही सिलसिलामा रामजी पौडेलको स्वरमा सजिएका बजारमा विभिन्न गीति एल्बम  आएका छन । तिनै गीति एल्बमलाई उनका प्रकाशित कृतिका रूपमा उल्लेख गर्नुपर्ने हुन्छ । जसअन्तर्गत, 'बस्नुपऱ्यो रोई' (२०६४), 'सलल ढुङ्गा' (२०६७), 'सुन मेरी काली' (२०६८), 'हेला नगर' (२०६९), 'भन्न नसकेर' (२०७०), 'पापी मायाले' (२०७०), 'सानुमाया' (२०७३), 'मलाई त मेरै देश प्यारो', 'जग्गा व्यापारी' (२०७३),  'कति दुःख भोगेँ मैले' (२०७३), 'बल्ल आयौ हितैषी' (२०७३) लगायतका गीति क्यासेट र श्रव्यदृश्य बजारमा आएका छन् । जसमा उनका विभिन्न प्रकारका गीत श्रवण गर्न र म्यूजिक भिडियो हेर्न पाइन्छ ।

## चौथो परिच्छेद

# रामजी पौडेलले गाएका गीतको अध्ययन

सानैदेखि गीत सङ्गीतमा रुचि भएका पौडेलले आफ्नो गीति यात्राको क्रममा हालसम्म गाएका ११ ओटा श्रव्यदृश्य एल्बम प्रकाशन गरेका छन् । रेडियोमा सुनेका गीत टपक्कै टिपेर जस्ताको त्यस्तै गाउन सक्ने पौडेल एक सिर्जनशील स्रष्टा हुन् । प्रस्तुत परिच्छेदमा उनै स्रष्टाका गीतको अध्ययन तथा विश्लेषण गरिएको छ । यस्तै, एल्बममा समावेश पूरा गीतलाई परिशिष्ट खण्डमा राखिएको छ ।

## ४.१ रामजी पौडेलले गाएका गीत

हरेक सर्जकले आफ्ना सिर्जनामा जीवन र जगत्को सर्वाङ्गीण पक्षलाई अभिव्यक्त गरेका हुन्छन् । सर्जकले लेख्ने गीतमा पनि त्यही अभिव्यक्ति पाइन्छ भने गायकको गाएनमा पनि । जसले जे जसरी लेखे या गाए पनि लोकगीतमा समेटिने लोकगीतको भाव नै मूल विषयवस्तु हो । लोकका अनुभवका सुखदु:ख, पीडा-व्यथा, विरह-वेदना, अन्याय-अत्याचार र उत्पीडन लोकगीतमा अभिव्यक्त भएका हुन्छन् । यो मात्रै होइन, लोकगीतमा लोकजीवनको सङ्गति विसङ्गति पनि अटाएको हुन्छ । हाम्रो संस्कार, सभ्यता र संस्कृति अटाएको हुन्छ । माया, प्रेम र स्नेह अभिव्यक्त हुन्छ । रस्यौली र ठट्यौली हुन्छ । यो मात्र होइन लोकगीतमा सारा लोकजीवन दर्शन हुन्छ । त्यसैले भनिएको हो लोकको गीत भनेर लोकगीत । यी सम्पूर्ण पक्ष लोकगीतमा सहज तरिकाले अटाउछन् । मार्मिक स्वभाविक र कलात्मक रूपमा अभिव्यक्त हुन्छन् ।

विभिन्न विषय सन्दर्भमा रहेर लोकगीत सङ्कलन गरिन्छन् । गायक तथा कलाकारद्वारा गाइन्छन् । लोकगीतमा माथि उल्लेख गरेका सन्दर्भ मात्रै अभिव्यक्त हुँदैनन् । लोकगीतमा त पौराणिक र ऐतिहासिक विषय अटाउछन् । धार्मिक, राजनैतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक विविध पक्ष समेटिएका हुन्छन् । यस्तो अथाह सागर रहेको लोकगीतमा हामीले रामजी घिमिरेले गाएका गीतको गहन विश्लेषण र अध्ययन भन्दा पनि संक्षिप्त चर्चा मात्र प्रस्तुत गरेका छौं ।

### क. 'बस्नु पऱ्यो रोइ' गीतको अध्ययन

रामजी पौडेलको 'बस्नु पऱ्यो रोइ' एकल गीत हो । यस गीतमा स्वर तथा शब्द सङ्कलन स्वयम् रामजी पौडेलकै रहेको छ । २०६३ सालमा माछापुच्छ्रे एफ.एम.को लोक लहरी कार्यक्रममा उत्कृष्ट स्थान ओगट्न सफल गायक पौडेललाई साङ्गीतिक क्षेत्रमा प्रवेश गराएको हो । प्रस्तुतः 'बस्नु पऱ्यो रोइ' शीर्षकको गीतमा वर्तमान समाजमा देखिएको धनसम्पति एकातिर, मायाप्रेम अर्कातिर भइरहेको विषयलाई समेटिएको छ ।

*माया पनि पैसामा बिक्नी*

*धन भएसी ठीक हुन्छ बेठीक नि*

*बस्नु पऱ्यो रोई*

*जमानानै यस्तै हो कि, मान्छे उस्तो खोई*

*पैसा भए सबै आफ्नो नत्र छैन कोई ।*

उनको प्रस्तुत 'बस्नु पऱ्यो रोइ' गीतमा हृदयबाट आउने चोखो मायाप्रेम पनि धनसम्पतिमा बिक्दो रहेछ भनिएको छ । धनसम्पति भए अन्याय पनि न्याय, नराम्रो पनि राम्रो, पराई पनि आफन्त र चारै दिशा उज्यालो हुने भाव व्यक्त गरिएको छ । यस गीतले मायाप्रेम पैसामा बिकाएर तराजुमा जोखिन हुँदैन । प्रेम त स्वतःस्फूर्त रूपमा हृदयबाट पलाउने कुरा हो । पैसा भन्ने बस्तु हातको मैला हो आज हुन्छ भोलि हुँदैन । माया प्रेम अजर र अमर हुनुपर्दछ भन्ने सन्देश यस गीतले दिएको छ ।  यस गीतमा सरल, भाषाशैली रहेको छ भने गीत सुमधुर लयले सजिएको छ ।

### ख. 'सलल डुङ्गा' गीतको अध्ययन

२०६७ सालमा पुष्पाञ्जलि क्यासेट सेन्टरले उत्पादन गरेको यस गीतमा शब्द अलि मियाँ र हरिदेवी कोइरालाको रहेको छ । जुन गीतमा रामजी पौडेल र स्मृति पुनको आवाज रहेको छ । पहिला हेरौं गीतको एक टुक्का :

*घरको पाली चुइयो हजुर केले होला छाउने*

*चोखो चिसो माफै हजुर कहिले होला आउने*

××× ××× ×××

*मनको व्यथा मनमै हुन्छ कोही छैन रुने*

*रुँदै बित्यो यो जिन्दगी कहिले निको हुने ?*

*सलल डुङ्गा यो फेवातालैमा*

*म पनि परे मायाको जालैमा ।*

प्रस्तुत 'सलल डुङ्गा' शीर्षकको दोहोरी गीतमा पतिपत्नी बीचको विरह र व्यथालाई विषयवस्तु बनाइएको छ । पत्नीले आफू बस्ने सानो खरको झुपडी त्यही पनि पानी चुँइएको छ । कहिले होला ओभानो घरमा बस्ने दिन भन्दै पतिसँग दुःख, पीर पोखेकी छन् । पतिले पनि मनको व्यथा मनमै हुन्छ गरिबलाई नै दुःख, सुख पर्दो रहेछ भन्ने भाव व्यक्त गरेका छन् । मानिसको जीवनमा जन्मदा भाग्यमा लिएर आएको कुरा कहिल्यै मेटिदैन, हुने कुरा भैहाल्छ भन्ने गीतको मुख्य सन्देश रहेको छ । गीतको भाषाशैली सरल छ । गीतको लयले श्रोता र दर्शकको मन सजिलै छाएको छ ।

### ग. 'सुन मेरी काली' गीतको अध्ययन

प्रस्तुत सुन मेरी काली शीर्षकको गीतलाई २०६८ सालमा माछापुच्छ्रे क्यासेट सेन्टरले बजारमा ल्याएको हो । यस गीतमा शब्द सङ्कलन रामजी पौडेल स्वयम्ले गरेका हुन । पौडेललाई स्वरमा विष्णु माझीले साथ दिएकी छिन् । हेरौं गीतको एक टुक्का :

*हे मार्छु भनी खुवाएनी विष मलाई*

*धरोधर्म उठ्दैन रिस मलाई*

*सुन मेरी काली*

*म त केवल तिम्रै हो सुन मेरी काली*

*चाहे माया गर मलाई चाहे गर गाली ।*

प्रस्तुत एल्बममा समावेश 'सुन मेरी काली' गीतमा मुख्यतः प्रेमीप्रेमिकाका प्रेम सम्बन्धी आग्रह र गुनासा अभिव्यक्त भएका छन् । युवायुवतीको प्रगाढ माया प्रेम बसेको हुँदा उनीहरू एक अर्काबीच टाढा भए पनि चोखो माया गर्ने जोडीका रूपमा रहेका छन् । यसरी चोखो माया गर्नेहरू सधैं सफल हुन्छन् भन्ने सन्देश यस गीतले दिएको छ । अलङ्कार विधानले छोएको गीत सुमधुर लयले सजिएको छ ।

### घ. 'हेला नगर' गीतको अध्ययन

२०६९ मा प्रकाशित 'हेला नगर' शीर्षकको क्यासेट एल्बम आर अडियो म्युजिक प्राइभेट लिमिटेड काठमाडौंले उत्पादन गरेको हो । यस गीतमा रामजी पौडेल स्वयम्को

शब्द सङ्कलन रहेको छ । रामजी पौडेललाई गायिका सीता केसीले स्वरमा साथ दिएकी छिन् ।

*हे म रित्तै छु तिम्लाई केही दिम् भने*
*तिम्रो मेरो उदाहरण लिम् भने*
*तिमी खोली म त बगर*
*सक्छौं भने माया गर हे सानु नसके नि हेला नगर ।*
*तिम्लाई केही दिम् भने*
*तिमी खोली म त बगर*
*(सक्छौं भने माया गर हे सानु नसके नि हेला नगर)*[२] *।*

प्रस्तुतः 'हेला नगर' दोहोरी गीतको विषयवस्तु माया प्रेम नै रहेको छ । यस गीतमा प्रेमिप्रेमिकाले सुरुमा खोला र बगरसँग आफ्नो माया प्रेमलाई तुलना गरेका छन् । सक्छौ भने माया गर नसके हेला नगर । तिमीलाई केही दिम् भने मिती खोली हौ म बगर हुँ केही छैन । भएको भनेकै माया हो । सक्छौ भने माया गर भनेर गीतको अन्तमा मिलन देखाइएको छ । माया प्रेम गर्ने जोडीले जस्तो परिस्थितिलाई पनि सामना गर्नु पर्दछ भन्ने यस गीतको सन्देश रहेको छ । शृङ्गारिक पक्षलाई समेटेर लेखिएको गीतको लय मध्यम खालको रहेको छ ।

**ङ 'भन्न नसकेर' गीतको अध्ययन**

गायक रामजी पौडेलको 'भन्न नसकेर' शीर्षकको गीत २०७० सालमा प्रकाशित भएको हो । यस गीतलाई रक्षा म्युजिक प्रा.लि. काठमाडौंले उत्पादन गरेको हो । यस गीतमा पौडेल स्वयम्को शब्द सङ्कलन रहेको छ । स्वरमा पौडेललाई गायिका सरस्वती लामिछानेले साथ दिएकी छिन् । गीतमा घरीघरी मन दुखेका कुरलाई यसरी व्यक्त गरिएको छ ।

*दुखे पनि मन घरीघरी*
*मन घरीघरी*
*हाँसी रहे नदुखे झैँ गरी*
*लुकाइ राखे पीडा लुक्छ भनेर*
*तिमीले कहिले सोच्यौं र निरमाया*

*यसको पनि मन हो, दुख्छ भनेर ।*[२]

'भन्न नसकेर' दोहोरी गीतमा मुख्यतः युवायुवतीले एक अर्कालाई माया गर्दागर्दै पनि छुट्टिनु परेको विछोडको प्रसङ्ग समेटिएको छ । गीतमा युवायुवती विभिन्न कारणले एक हुन सकेका छैनन् । मनमा लागेको कुरा समयमा नै भन्नु पर्छ । मनमा राख्नले मनको इच्छा पूरा पनि भएन र तिमीलाई अब भन्न पनि केही परेन । त्यसैले गर्दा सबै कुरा समयमै गर्नुपर्छ । समय बितेपछि पछुतो लाग्छ भन्ने मुख्य सन्देश यस गीतले दिएको छ । गीतको भाषाशैली सरल रहेको छ । सुमधुर स्वरले सजिएको छ ।

### च. 'कस्तो होला बोली' गीतको अध्ययन

रामजी पौडेलको कस्ततो होला बोली गीति एल्बम २०७० सालमा बजारमा आएको गीति एल्बम हो । प्रस्तुत एल्बममा रामजी पौडेल र तुलसा जिसीको स्वर रहेको छ । गीतमा क्याम्पसमा पढ्न आउने युवतीलाई लिएर गीत बनाइएको छ । जहिले पनि पौने दश बजे बसमा आउने उनलाई रानीको उपमा दिएर गीत लेखिएको छ ।

*जहिले पनि बजे सी पौने दश*
*चढ्न आउछिन् क्याम्पसमा रानी बस*
*कस्तो हो बोली*
*यही बाटो ओहोरदोहोर गर्छिन एउटी मैया*
*उनलाई मात्र हेरी रहुँ झैँ हुन्छ आज भोलि ।*[२]

प्रस्तुत गीतमा युवकलाई मात्रै होइन, युवतीलाई पनि त्यो चुलबुले युवकको याद आएको छ । उनले चिया पसलमा जाँदा पनि भेट्न परेको सन्दर्भलाई कोट्याएकी छन् । हुँदाहुँदै पछिल्लो समय चटपट  खान जाँदा पनि भेट हुन थालेको छ । पछिल्लो समय दुवै बीचमा मायाको मुना पलाएपछि केटालाई कोठामा बस्न पनि मन लाग्छ छाडेका छ । उता युवतीलाई पनि माया कस्तो हो भन्ने केही पत्तो थिएन तर अहिले आएर यस्तो के भएको हो भनेर काउकुती लागेको छ । मायाको रोगले घाइते भएका एक जोडी परेवाको कहानीलाई उनले गीति मालामा उनेका छन् । मायाको रोगले टोलाउने बनाएको । बोल्छ बोल्छ गरेर बोल्न सक्दैन । तर साँझमा भेट भएको खण्डमा सबै कुरा उनलाई बताउँछु भन्ने अठोट गरेको सन्दर्भलाई गीतमा प्रस्तुत गरिएको छ ।

गीतमा प्रेमीप्रेमिकाले माया गरेपछि मनमा राखेर हुँदैन अभिव्यक्त गर्न सक्नुपर्छ । अभिव्यक्त हुन सकेन भने मन पोल्छ । आफूलाई पीडा बोध हुन्छ भन्ने सन्देश दिइएको छ । गीतमा प्रयुक्त शब्द सरल छन् । लय सुमधुर छ ।

**छ. 'पापी मायाले' गीतको अध्ययन**

२०७० सालमा प्रकाशित 'पापी मायाले' शीर्षकको एल्वम् पुष्पाञ्जलि म्युजिक प्रा.लि.ले उत्पादन गरेको हो । पौडेल स्वयम्को शब्द र स्वर रहेको गीतमा गायिका सरस्वती लामिछानेले स्वर दिएकी छिन् । प्रस्तुत 'पापी मायाले' शीर्षकको गीत तीजे गीत हो । यसमा नारी वेदनालाई तीजको विषयवस्तु बनाइएको छ । गीतमा पतिपत्नी बीचका आग्रह र गुनासा अभिव्यक्त भएका छन् । जति सुखसयलमा बसे पनि पत्नीलाई पतिको छहारी आवश्यकता पर्दछ भन्ने नारी वेदना नै यस गीतको मुख्य भाव हो । पतिले पत्नीका हरेक समय र परिस्थितिलाई बुझ्नु पर्दछ भन्ने सन्देश यस गीतले दिएको छ । भाषाशैली सरल छ । गीत तीजे लयमा लेखिएको र गाइएको छ ।

**ज. 'झ्याइँ-झ्याइँ बाजा' र 'बल्ल आयौ हितैषी' गीतको अध्ययन**

रामजी पौडेलको 'झ्याइँ-झ्याइँ बाजा' पञ्चेबाजाको गीति एल्बम हो । २०७० सालमा बजारमा आएको यस गीतमा रामजी पौडेललाई स्वरमा सञ्जीता गायकले साथ दिएकी छन् । गीतमा शब्द तथा लय रामजी पौडेलकै रहेको छ । यसैगरी, बल्ल आयौ हितैषी (२०७३) पञ्चेबाजा अन्तर्गतको ख्याली तालमा संरचित गीत हो ।

प्रायः मायापिरतीका विरह वेदनाका गीत गाउने पौडेलले प्रस्तुत गीतमा पनि माया प्रेमको सन्दर्भलाई नै प्राथमिकता दिएका छन् । पौडेलको झ्याइँ झ्याइँ बाजा गीत पञ्चेबाजाको बाजा तालमा तयार गरेको गीत हो । प्रस्तुत गीतमा नवजवान युवकले व्रत बसेकी युवतीलाई तिमी व्रत बसेनी नानी आखिरमा जाने मसँगै हो भनेर उनलाई जिस्काएको सन्दर्भलाई देखाइएको छ । हेरौं गीतको एक टुक्रा के भनिएको छ :

*हे व्रत बसेनी नानी,*
*आखिर तिम्लाई मैले हो लैजाने*
*पार्‍यौ मायाको जालभित्र*
*तिम्लाई झ्याई झ्याई झ्याई बाजा बजाउँदै*

*लैजान्छु ७० साल भित्र ।*[२]

*हे मेरी रानी आँखाकी नानी*

*तिम्लाई भ्याइँ भ्याइँ भ्याइँ बाजा बजाउँदै*

*लैजान्छु ७० साल भित्र हाई ७० साल भित्र ।*

गीतमा युवतीले मलाई तिमीले मायाको जालमा पार्न त खोजेका छौं । तर मैले मन दिएकी छैन । यदि तिमीले मेरो भावनालाई बुझ्छौं भने म तिमीलाई शिव झैँ पुजेर बस्न तयार छु । मेरो राजा भन्छु । यही ७० सालभित्र आउ त नि । पीर नमान म तिम्रै हुने छु भनेर युवतीले भनेकी छन् । यसरी सवाल जवाफ चल्दै जाँदा यहीँ मंसिरमा घरजम गर्ने सल्लाह गरेर गीतलाई अन्त्य गरिएको छ । युवतीले पनि तिमी जस्तो योग्य, इमान्दार केटा पाएमा मेरो व्रतले फल पाउथ्यो । युवकले पनि तिमीलाई मेरी बनाउने दिन अब हुने छ भनेर गीत अन्त्य गरिएको छ । गीतमा सरल शब्द चयन गरिएको छ । पञ्चेबाजा तालमा संरचना गरिएको गीतमा ग्रामीण जनजीवनको अभिव्यक्त व्यक्त भएको छ ।

यसैगरी, पौडेलको पञ्चेबाजामा रहेको अर्को गीत पनि बजारमा आएको छ । 'बल्ल आयौ हितैषी' ख्याली गीत हो । 'बल्ल आयौ हितैषी' शीर्षकको गीत ख्याली गीत हो । यस गीतमा शब्द सङ्कलन अम्बिका बानियाँले गरेकी छन् । रामजी पौडेललाई अम्बिका बानियाँले स्वरमा साथ दिएकीछिन् । प्रस्तुत गीतलाई २०७३ सालमा आचार्य डिजिटल पोखराले उत्पादन गरी सार्वजनिक गरेको हो । प्रस्तुत 'बल्ल आयौ हितैषी' शीर्षकको ख्याली गीतमा युवायुवतीकै प्रेम सन्दर्भलाई मुख्य विषय बनाइएको छ । युवायुवती एक आपसमा प्रेमको बन्धनमा बाँधिएका छन्, त्यसैले उनीहरूको पिरतीका विषयमा गाउँभरि हल्ला चलेको छ । त्यसरी हल्ला चलेपछि उनीहरू प्रेमीप्रेमिकाको रूपमा मात्र नभइकन पतिपत्नीकै रूपमा सम्बन्धको गाँठो कस्न चाहेको सन्देश गीतले दिएको छ । यथार्थलाई अभिव्यक्त गरिएको गीत लोकलयमा संरचित छ ।

### झ. बाँचा कसम तोडेर जानेलाई गीतको अध्ययन

पौडेलको बाँचा कसम तोडेर जानेलाई गीतमा वियोगको भाव व्यक्त गरिएको छ । प्रस्तुत गीतमा रामजी पौडेलको शब्द स्वर र लय रहेको छ । पौडेललाई गायनमा मायाय गुरुङले साथ दिएकी छन् । गीतमा प्रेममा परेका प्रेम जोडीको विछोड भएपछिको अभिव्यक्त गीतमा आएको छ । हिजो जवानीमा सँगै मर्ने र सँगै जिउने वाचा गरेका जोडी छुटेको

सन्दर्भलाई देखाइएको छ । बाचा कसम तोडेर जानेलाई के भन्नु खै । यो संसार स्वार्थी रहेछ । हिजो आफैंले रुँदै रुँदै माया लाम भन्यौ तर आज चाडेर गयौं । माया लाएको एक वर्ष पनि नहुँदै भनेर आफ्नी भूपू मायालुलाई भनेको छ । हेरौं गीतको एक टुक्रा :

*हे सँगै जिउने (थियो नि बाँचा)*[२]

*भत्किएको घर जस्तै मन भाछ*

*बाचा कसम तोडेर जानीलाई*

*नजाऊ नजाऊ भनेकै होकेरे*

*के लाउँछ र छोडेर जानीलाई ।*[२]

माया भन्ने चीज अनौठो हुँदो रहेछ । माछी भए जाल हानेर छेक्थैं । छेक्न पनि सकिन् । माया मारेर जानेलाई नजाऊ भनेर पनि भन्न सकिनँ । जानु त गयौं गयौं । तिमी जहाँ रहे पनि हासी खुशी रहनु । सुगन्ध छर्दै जानु । तिम्रो उत्तरोत्तर प्रगति भएको देख्न पाऊ भनेर युवकले उनको बाँकी जीवनको सफलताको शुभकामना दिएर गीतको अन्त्य गरिएको छ । गीतमा वियोगको भाव व्यक्त गरिएको छ । लोकलयमा अभिव्यक्त गीतमा सरल भाषाशैलीको प्रयोग गरिएको छ ।

### ञ. 'हेराउन जाम हिँड' गीतको अध्ययन

गायक पौडेलको प्रस्तुत हेराउन जाम हिँड गीतमा गायक स्वयम्को शब्द, लय र स्वर रहेको छ । उनलाई गायनमा तुलसा जिसीले साथ दिएकी छन् । गीतमा मान्छे दुःख र पीर परेपछि धामी झाँक्री, ज्योतिषीको शरणमा पर्न जाने हाम्रो पुरानो संस्कारलाई गायक पौडेलले गीतको माध्यम बनाएका छन् । कुनै काम बिग्रीयो भने । भने जस्तो भएन भने । प्रायः थालनी गरेका काममा असफलता हात लाग्यो भने ग्रह बिग्रेको भन्ने मान्यतालाई उनको हेराउन जाम हिँड गीतमा अभिव्यक्त गरिएको छ ।

*आजकल च्याप्पै मिल्दैन हित*

*ग्रहदशा बिग्रेर हो कि त*

*हेराउन जाम् हिँड*

*एकै दिनमा चारचोटी झगडा*

*हुन थाल्यो किन*

*मिल्दैन हित ग्रहदशा बिग्रेर हो कि त*

*हेराउन जाम् हिँड*

*ओइ एकै दिनमा चारचोटी झगडा हुन थाल्यो किन ।*

प्रायः युवायुवतीको प्रेम कहानीलाई जोड्ने गायक पौडेलले यसमा विवाहिता श्रीमान् श्रीमतीको सन्दर्भलाई देखाएका छन् । घरमा रहेका जोडी बीचको मनमुटाव, टकरावलाई गीत बनाएर पारिवारिक कलहलाई गीतमा अभिव्यक्त गरिएको छ । हिजो सबै कुरा मिलेको मान्छेसँग आज कुरा मिल्दैन । व्यवहार मिलेको मान्छेसँग व्यवहारमा खटपट हुन थाल्छ । नबोल्दा पनि नहुने बोल्दा रडाको मच्चिने भएपछि हेराउन जाने सन्दर्भलाई गीतमा जोडिएको छ । जति बेला मुखमा हेरे पनि अँधेरो देखेपछि पीर परेको सन्दर्भ गीतमा आएको छ । यसरी सुमधर रूपमा चलेको घरमा एकाएक कलह हुन थालेपछि पछिल्लो पटक कुट्नै आउँला जस्तो भएपछि हेराउने चराउने गरेर दुःख पीडा अन्त्य गर्न पऱ्यो भनेर गीतलाई अन्त्य गरिएको छ । गीतमा व्यक्त गरिएको भाव सरल छ । ग्रामीण जनजीवनको वास्तविक अभिव्यक्ति गीतमा प्रस्तुत भएको पाइन्छ ।

### ट. 'साह्रै दुख्यो मन' गीतको अध्ययन

साह्रै दुख्यो मन पर्व गीत अन्तर्गतको तीजे गीत हो । गीतमा रामजी पौडेलको शब्द, लय र स्वर रहेको छ । प्रस्तुत गीतमा पार्वती जिसीले पौडेललाई स्वरमा साथ दिएकी छन् । २०७१ सालमा बजारमा आएको प्रस्तुत एल्बममा एक विवाहिता चेलिको वेदना पोखिएको छ । वर्षदिनको चाड तीजमा माइती लिन नआएकाले चेलीको मन दुखेको छ , पीर परेर छाती वेदनाले भरिएको छ । त्यही वेदनालाई गीतिमाध्यम बनाएर यसरी पोखिएको छ ।

*हे बा भएता लिन आउँथे*

*लौरी टेकीटेकी*

*माइत जान हरायो आमा बितेदेखि*

*बाबु सारै दुख्यो मन*

*तीजमा पनि लिन नआई किन गर्छस् फोन*

*बाबु सारै दुख्यो मन*

*फोनको भरमा पठाउँदैनन् किन गर्छस् फोन*

*बाबु सारै दुख्यो मन ।*

विगतका वर्षमा माइतमा बाबा हुनुहुन्थ्यो । छोरीलाई लिन आउनु हुन्थ्यो । माइत जानपाउँथे । घरमा रमाइलो थियो । बाबाले संसार छोडेपछि लिन आउने मान्छे पनि कोही भएनन् । माइत जाने दिन पनि आएनन् । चेलीलाई वर्षदिनमा आएको चाड पनि आएको नआई भयो भन्ने भाव गीतमा व्यक्त भएको छ । बुढेसकालसम्म पनि बुबा हुँदा लौरो टेकेर आउनु हुन्थ्यो । अहिले भाइले दिदीबहिनीलाई माइत बोलाउने नाममा फोन गरेर स्वाङ मात्रै पारेकोमा चेलीको मन दुखेको छ । फोनका भरमा माइत आउन सम्भव छैन । घरकाले पठाउनका लागि पनि लिनै आउनुपर्छ भनिएको छ ।

गीतमा दिदीभाइको जुहारी रहेको छ । भाइलाई अफिसमा कामको चटारो भएकाले लिन आउन नपाएको, भिनाजुलाई पनि पठाइ दिन भनेको, वर्ष दिनको चाड भएकाले जति मन फाँटे पनि सिलाएर आउनु भन्ने भाव व्यक्त गरिएको छ । यसैगरी, चेलीले पनि हिजो तिमीलाई को खाई को खाई भनेर खुवाएँ । आज मलाई दुःख छ भनेर कसले चिन्ने ? भनेर विरहलाई पोखिएको छ । गीतमा ग्रामीण जनजीवनलाई चित्रित गरिएको छ । गीतमा सरल शब्द र भाषाशैलीको प्रयोग भएको पाइन्छ । तीजे भाकामा गीत संरचित रहेको छ ।

यसैगरी, रामजी पौडेलले गीतका सन्दर्भमा विभिन्न गीति एल्बममा स्वर दिएका छन् । जस अन्तर्गत, *तीजैको वेला, बाबाजीको आँगनी* र *मेरी मायालु कती राम्री हुन्* (२०७३) तीनवटा तीजका गीत २०७३ सालमा बजारमा आएका छन् । जुन गीतमा दिदीबहिनीका विरह, वेदनालाई अभिव्यक्त गरिएको छ । तीजैको वेला गीतमा तीज आएको सन्दर्भलाई अभिव्यक्त गरिएको छ । यस्तै, बाबाजीको आगनी गीतमा आँगनी भत्केर नाँच्न नपाएको भाव अभिव्यक्त भएको छ । यस्तै, मेरी मायालु कती राम्री हुन्मा हिजो आज श्रीमतीको मन बेग्लै भएको सन्दर्भलाई अभिव्यक्त गरिएको छ ।

### ठ. 'सानुमाया' गीतको अध्ययन

२०७३ सालमा कृष्ण फिल्मस् प्रा.लि. ले उत्पादन गरेको सानुमाया गीत झ्याउरे गीत हो । रामजी पौडेलको स्वर तथा शब्द रहेको गीतमा तुलसा जिसीले साथ दिएकी छिन् । 'सानु माया' गीतमा युवायुवतीको प्रेम प्रसङ्ग मुख्य विषयवस्तु रहेको छ । बर्खाको समयमा सबै मानिस खेतीपातीमा व्यस्त हुन्छन् भन्ने भाव गीतमा छ । गाउँघरमा, मेलापात गोठाला जाँदा लगाएको माया सधैँ अजर र अमर हुन्छ भन्ने सन्देश यस गीतले दिएको छ । गीतका प्रयुक्त भाषाशैली सरल र द्रुत लयमा संरचित छ ।

### ड. 'मलाई त मेरै देश प्यारो' गीतको अध्ययन

२०७३ सालमा आचार्य डिजिटल पोखराले उत्पादन गरेको मलाई त मेरै देश प्यारो गीतका शब्द सङ्कलक रामजी पौडेल नै हुन् । पौडेललाई सरस्वती परियार, माया गिरी र अम्बिका बानियाँले स्वरमा साथ दिएका छन् । यस दोहोरी गीतमा देश प्रेमलाई विषयवस्तु बनाइएको छ । यस गीतमा स्वदेशी गुन्द्रुक, आटो, ढिँडो, पिठो र नेपाली भाषालाई प्राथमिकता दिनुपर्दछ भन्ने भाव व्यक्त गरिएको छ । विदेशी भूमिमा रगत र पसिना बगाउन भन्दा स्वदेशको उन्नतिमा लाग्नुपर्छे भन्ने सन्देश यस गीतले दिएको छ । गीतको भाषाशैली लोक मानसले सजिलैसँग बुझ्न सक्ने छ । गीतको लय विलम्बित गतिमा रहेको छ ।

### ढ 'जग्गा व्यापारी' गीतको अध्ययन

'जग्गा व्यापारी' गीत २०७३ सालमा रक्षा म्युजिकले बजारमा ल्याएको गीत हो । यस गीतमा नवराज अधिकारीका शब्द रहेका छन् । रामजी पौडेल, नवराज अधिकारी र तुलसा जिसीको आवाज रहेको 'जग्गा व्यापारी' शीर्षकको दोहोरी गीत सामाजिक र आर्थिक विषयवस्तुमा केन्द्रित रहेको छ । जग्गा व्यापारीले रातारात धन कमाएको, गाडी चढेको, बैंक ब्यालेस राखेको र सरकारी कर्मचारी लेखनदासलाई पनि पैसामा किन्न सक्छन् भन्ने भाव व्यक्त भएको छ । गाउँ छोडेर शहरमा पसेका मानिसहरू सुविधा सम्पन्न बन्नका लागि ढाँटछल गर्न पछि परेको हुँदैनन् भन्ने सन्देश यस गीतले दिएको छ । यथार्थलाई अभिव्यक्त गरिएको गीत लोकलयमा संरचित छ ।

### ण 'कति दुःख भोगेँ मैले' गीतको अध्ययन

२०७३ सालमा रक्षा म्युजिक प्रा.लि. काठमाडौंले उत्पादन गरेको कति दुःख भोगेँ मैले गीतमा रामजी पौडेलको आवाज रहेको छ । यस गीतका शब्द सङ्कलक सुरेन्द्र श्रेष्ठ हुन् । प्रस्तुत गीत नेपाली लोक दोहोरी अवार्ड-२०७३ प्राप्त गर्न सफल भएको एकल गीत हो । 'कति दुःख भोगेँ मैले' गीतमा विछोडको सन्दर्भलाई लिइएको छ । गीतमा आफन्तबाट धोखा, तिरस्कृत र घृणाको व्यवहार पाएपछि आफूले जीवनमा भोगे गरेका दुःख भावलाई यस गीतमा व्यक्त गरिएको छ । प्रेमिकासँगको विछोडले युवकलाई आफ्नो घाउमा नुन छरे जस्तो लागेको छ । त्यसैले यस गीतमा सुख पर्दा सबैको साथ हुन्छ, दुःख पर्दा कसैको साथै

पाइदैन भन्ने सन्देश यस गीतले दिएको छ । यथार्थलाई अभिव्यक्त गरिएको गीत लोकलयमा संरचित छ ।

समग्रमा लोकगीत मानव मनका लयात्मक स्वतःस्फूर्त अभिव्यक्ति हो । जसमा मानव जीवनमा सुखदुःख, हासो, आँसु, आशा, भरोशा, प्रेम विछोडलाई विषयवस्तु बनाइएको हुन्छ । यिनै विषयवस्तुका आधार लिएर गायक रामजी पौडेल गायन क्षेत्रमा उदाएका छन् । मानव जीवनका यस्तै अनुभूति र यथार्थता बोकेका गीतलाई मार्मिक शैलीमा जस्ताको तस्तै गाउने कला साधक रामजी पौडेलले विविध प्रकारका विषयवस्तु र भाव अभिव्यक्त भएका गीत गायन र सङ्कलन गरेका छन् । उनले आफ्ना गीतका माध्यमबाट मानव जीवनका उज्याला र अँध्यारा पाटालाई सरल भाषामा छताछुल्ल पारेका छन् । अतः उनका गीतको अध्ययन र विश्लेषण हुनु भनेको लोक जीवनप्रति सम्मान व्यक्त गर्नु हो ।

## ४.२ रामजी पौडेलका गीतको वर्गीकरण

गायक रामजी पौडेलका गीत कति प्रकारका छन् ? विषयवस्तु र भाव शैली तथा विशेषता के कस्ता छन् भन्ने थाहा पाउनु उपयुक्त हुन्छ । नेपाली लोकगीतलाई गायन शैलीका दृष्टिले विविध गीतहरूमा वर्गीकरण गरी छुट्याउन सकिन्छ । लोकगीतलाई गायन प्रकार्यका आधारमा सामान्य र विशिष्ट गरी दुई प्रकारले विभाजन गरिएको पाइन्छ । सामान्य गीतहरूमा एकल, सामूहिक र दोहोरी गीतहरू पर्दछन् । विशिष्ट गीतहरू धार्मिक आस्था रीति संस्कार चाडपर्व ऋतु र श्रमसँग सम्बन्धित हुन्छन् (बन्धु, २०५८:१२४) । त्यसै गरी प्रस्तुतीकरणमा हुने सहभागिताका दृष्टिले गीतलाई तीन किसिमले वर्गीकरण गरी छुट्याउन सकिन्छ । एकल गीत, दोहोरी गीत जसमा दुई जना वा दुई पक्ष बीच सवाल जवाफ हुन्छ र समूह गीत जसमा सामूहिक गायन हुन्छ (बन्धु, २०५८:१२१) । यही पृष्ठभूमिमा रामजी पौडेलका गीतलाई गायन प्रस्तुतीकरण, सहभागिता वा प्रकार्यका आधारमा निम्नानुसारले वर्गीकरण गरिएको छ :

### ४.२.१ दोहोरी गीत

दुई व्यक्ति वा समूहका बीच गीतैमा गरिने सवाल जवाफलाई दोहोरी गीत अथवा जुहारी भनिन्छ । प्रायः युवक र युवती तथा युवक र युवतीहरूको समूह बीच यस्तो दोहोरी हुने गर्दछ । दोहोरो संवादको रूपमा गाइने हुनाले दोहोरी भनिएको एक थरिको भनाइ छ

भने दोहोऱ्याएर गाइने हुनाले दोहोरो नाम रहेको भन्ने अर्को थरीको भनाइ पनि पाइन्छ ( बन्धु, २०५८:१४०) । प्रश्नोत्तर र दोहोरी संवादका रूपमा गाइने अन्य गीतहरू पनि हुन्छन् तर सबैलाई दोहोरी गीत भनिदैन । प्रश्न र उत्तर दुवै एउटै लय र शैलीमा प्रस्तुत हुने दोहोरी गीत सिलसिलाबद्ध रूपमा कविको रचनामा जस्तै मर्मस्पर्शी र कल्पनाशील अभिव्यक्ति हुन्छ । दोहोरी गीतमा युवक र युवती बीचको प्रेम प्रसङ्ग निकालेर प्रश्नोत्तर गर्दा, आफ्नै परिचय दिँदा आफ्नो अपेक्षा र आकाङ्क्षा व्यक्त गर्दा, ख्यालठट्टा गर्दा, वरपर समाज र वातावरणलाई सन्दर्भका रूपमा प्रयोग गरिन्छ भने छन्द र लय मिलाउने क्रममा केही अप्रासङ्गिक कुरा ल्याई प्रासङ्गिक कुरा भन्ने लोकगीतको शैली दोहोरीमा भेटिन्छ ( बन्धु, २०५८:१४०) । खेतबारीमा काम गर्दा चाडपर्वमा रातभर जाग्राम बस्दा रोदी घरमा र जात्राहरूमा सुनिने दोहोरी गीतहरू हिजो आज होटल रेष्टुरेन्टहरूमा समेत गाउने वर्तमान समयमा दोहोरी गीत सुन्न चासो नराख्ने समुदाय बिरलै भेटिन्छन् ।

रामजी पौडेलले हालसम्म प्रकाशन गरेका गीतहरू मध्ये दोहोरी गीतको सङ्ख्या सबैभन्दा बढी छ । हेला नगर, हेराउन जाम हिँड, बाँचा कसम तोडेर जानेलाई, सानुमाया, जग्गा व्यापारी, झुल्के घाँम डाँडैमा, कसम माऱ्यो मायाले, माया बढ्दै गयो, भन्न नसकेर, कस्तो होला बोली, मलाई त मेरै देश प्यारो, झ्याइँ-झ्याइँ बाजा जस्ता शीर्षकका गीतहरू रामजी पौडेलका दोहोरी गीतहरू हुन् । सबै गीतहरू प्रस्तुति र सहभागिताका दृष्टिले मुख्यतः युवायुवती वा उनीहरूको समूह बीचको प्रेम प्रसङ्गलाई लिएर गरिएका सवाल जवाफ र ख्याल ठट्टामा केन्द्रित छन् । कुनै गीतहरू केटाबाट र कुनै गीतहरू केटीबाट सुरु गरिएका छन् ।

### ४.२.२ तीजे भाकाका गीत

हिन्दू नारीहरूको महान् पर्व तीज जम्मा तीन दिन मनाइन्छ । पहिलो दिन छोरी चेलीहरूलाई दर खुवाइन्छ । दरमा पहिले दूधबाट बनेका परिकारहरू सेलरोटी, घिउ, दुध, दही, फलफूल आदि खुवाइन्छ भोलिपल्ट केही नखाइकन (निराहार) ब्रत बस्नु पर्ने भएकाले राति अबेरसम्म महिलाहरूको दर खाने प्रचलन छ । भाद्र शुक्ल तृतीयाका दिन हरितालिका तीजको ब्रत बसिन्छ । पौराणिक कथा अनुसार पार्वतीले आफ्नो तपस्या पूरा गरी शिवजीलाई वरको रूपमा प्राप्त गरेकाले सोही खुशीलाई आत्मसाथ गरी नाचगान सहित हर्ष उल्लासका साथ मनाउने चलन चलेको हो भन्ने मान्यता छ तीजको अन्तिम दिन ऋषि

पञ्चमी हो । उक्त दिनमा तीन सय पैसठ्ठी ओटा दतिवनले आफ्नो दन्त धावन गरेर नुहाएमा र पूजा गरेमा एक वर्षभरी अर्थात् तीन सय पैसठ्ठी दिन नै नुहाएर वा पूजा गरे बराबरको सिद्धि प्राप्त हुने कुरा शास्त्रमा उल्लेख भएको पाइन्छ ।

तीजका अवसरमा नारीहरूद्वारा गाइने गीतलाई तीजको गीत भनिन्छ । सासूले बुहारीलाई दिने गरेका दुःखका वेदना, नन्द अमाजुको कर्कश, माइत जान नपाएका कुण्ठा, पेटभरि  खान र मनलाग्दा लाउन नपाउँदाका छटपटी तीजका अवसरमा नारीहरूले गीतका माध्यमबाट पोखेर मनलाई हलुङ्गो पार्छन् । समय क्रमसँगै तीजका गीतहरूको विषयवस्तु पनि परिवर्तन हुँदै जान थालेका छन् । हिजो आज तीजका गीतमा शिवजी र पार्वती अर्थात् पुरुष र महिला वा पति र पत्नीको सन्दर्भ जोडेर युवायुवतीका मायाप्रीति र प्रेम प्रसङ्ग सामाजिक विकृति र विसङ्गति तथा राजनैतिक सचेतना जस्ता विषयवस्तु समेटिन थालेका छन् । यी र यस्तै विषयवस्तु समेटिएका रामजी पौडेलका हालसम्म प्रकाशित पापी मायाले, मेरी मायालु कति राम्री हुन्, तीजैको बेला बाबाजीको आँगनी, सारै दुख्यो मन, शीर्षकका गीतहरू तीजे भाकाका गीतहरू हुन् । ‘सारै दुख्यो मन’ शीर्षकको गीतमा नजिक आउन लागेको तीजमा पनि माइतीमा आफ्ना बाबा-आमा नभएपछि चेलीको लागि आफ्नो दाजुभाइ भने त्यस्तै रहेछ । वर्ष दिनको तीजमा पनि लिन नआई सञ्चार माध्यमबाट बोलाएको हुनाले चेलीको मन दुखेको छ । माथिका उल्लेखित गीतहरू नै रामजी पौडेलका प्रकाशित तीजे भाकाका गीतहरू हुन् ।

### ४.२.३ ख्याली गीत

ख्याली गीत हाँसखेलका रूपमा गाइन्छ । हाँसखेलका रूपमा गाइने लयात्मक गीति अभिव्यक्तिलाई ख्याली गीत भनिन्छ । ख्याल शब्दमा ई प्रत्यय लागेर ख्याली शब्द बनेको हो । ख्याली गीतको नाम पनि हुन्छ भने बाजाको तालको नाम पनि हुन्छ । ख्याली गीत कुनै छोटा हुन्छन् त कनै लामा हुन्छन् तर दुवै लामा छोटालाई द्रुत गतिमा नै गाइन्छ । यसमा पनि धेरै भेद छन् । जस्तै सोरठीको ख्याली, चुड्का ख्याली, गोपिचनको ख्याली आदि । यो ख्याली गीत आँगन तथा खुल्ला ठाउँमा गाइन्छ । ख्याली गीतका विशेषताहरू सामाजिक विषयवस्तु सङ्क्षिप्तता, भावगत विविधता, लोकशब्दको प्रयोग, मनोरञ्जनमूलक सन्दर्भ, थेगोको प्रयोग, वर्णनात्मक शैलीको प्रयोग, लयगत विविधता, बाजा तथा नृत्यको प्रयोग हुनु आदि (न्यौपाने,२०७०:५८) । ख्यालीलाई बाह्रमासे गीतको भाका पनि भनिन्छ ।

यसको एउटा लय १५ अक्षरको भई ७/८ अक्षरमा विश्राम हुन्छ । यो बाह्रमासे गीतको अत्यन्त रसिलो प्रकार अन्तर्गत पर्दछ । यसको पहिचान भनेको रसमयता र श्रृङ्गारिकता हो । यो गीत कण्ठ्य भए पनि नृत्य र वाद्य गीतको रूपमा पनि गरिन्छ । मुख्यतः यसको लयमा खैचडी र मुजुरा बजाउने गरिन्छ । सामान्य रूपमा यसलाई युवायुवतीको जुहारीको रूपमा लिइन्छ । यी गीत दुई प्रकारका हुन्छन् । जसमा एक चुट्के र अर्को लामो चुड्के । ख्याली श्रृङ्गार प्रधान भजनको रूपमा हुन्छ भने लामो ख्याली लेग्रो तानेर गाइने ढपको हुन्छ । चुट्के ख्यालीमा खैजडी र मुजुराको प्रयोग हुन्छ भने लामोमा मादलको प्रयोग हुन्छ । समग्रमा दुवै प्रकारको ख्याली श्रृङ्गार प्रधान, प्रेम परक रसमय र उल्लासपूर्ण हुन्छन् । एकले अर्कोलाई छक्याउन ठट्टा गर्ने, हस्यौली गर्ने र आफूलाई लायक देखाउने प्रयोजनले गर्दा यस ख्यालीमा कुट भाषाको पनि प्रयोग हुन्छ ।

यसरी ख्याली गीतलाई ख्याली चुड्का वा रोइला जे भनिए पनि यही शैली अनुसार रामजी पौडेलका बल्ल आयौ हितैषी गीत खेली गीतको श्रेणीमा पर्दछ । यो छोटो टुक्काले गीतको उठान गरेको छ भने युवायुवतीको प्रेम प्रसङ्ग मुख्य विषय रहेको छ । च्वास्स मनलाई छुने यस्ता गीतहरू सरल र सहज हुनुका साथै भाव र लयमा विविधता पाइन्छ । यी सबै प्रकारका ख्यालीहरू एकोहोरी अथवा दोहोरी पनि हुन सक्छन् । ख्याली जस्तै झल्को दिने रामजी पौडेलले गाएको गीतको 'बल्ल आयौ हितैषी' को एउटा अंश यस्तो छ :

केटाः *हे उकालीमा स्यास्या गर्दै आएँ म त काली हो आएँ म त काली*
*पढाइतिर गोली मारेँ गरे गरून् गाली हो चढ्दै आएँ उकाली*
*पसिना बगाउँदै हो चढ्दै आएँ उकाली लाको जाकेट फुकाली*

### ४.२.४ एकल गीत

गीतहरूको गायन प्रस्तुति र सहभागिताका दृष्टिले एकल दोहोरी वा सामूहिक गीतहरू हुन्छन् । एक्लै गाएर मनको भाव अभिव्यक्त गरिने गीतलाई एकल गीत भनिन्छ । एक जना व्यक्तिको मात्र आवाजमा आफ्नै सुरले अगाडि बढ्दै गाइने गीतहरू नै एकल गीत हुन् । एकल गीतमा जुनसुकै सन्दर्भ वा प्रसङ्गलाई विषयवस्तु बनाई गाउन सकिन्छ । तापनि धेरै जसो वियोग र वेदनाका प्रसङ्गहरू नै एकल गीतका विषयवस्तु हुन्छन् । एक्लै बस्दा आफ्ना मनमा उठेका भावना र विचारहरूलाई उनेर गीत बनाइ गाइन्छ गीतको पृष्ठभूमि मायाप्रेम, दुःख गरीबी, सङ्घर्ष जस्तो पनि हुन सक्छ । रामजी पौडेलले सङ्कलन

गरी स्वयम्ले गाएको गीत 'बस्नु पर्‍यो रोई' एकल भाकाको विरही गीत हो । धन सम्पत्ति नै यो गीतको मुख्य पृष्ठभूमि हो । रामजी पौडेलले सङ्कलन गरी सरस्वती लामिछानेले गाएको पापी मायाले शीर्षकको तीज गीत यस्तै एकल भाकाको बिरही गीत हो । नारीको वेदना नै यस गीतको भाव हो । रामजी पौडेलले सङ्कलन गरी जुनु रिजालले गाएको 'आहा क्या राम्रो क्याक्मी' शीर्षकको लोकगीत यस्तै एकल भाकाको गीत हो । यस गीतले आफ्नो गाउँ ठाउँमा घुम्न आउन अग्रह गरेको छ यस गीतमा प्रकृति, संस्कृतिको धनी भनी तुलना गरी भाव प्रवाह गर्न खोजिएको छ । गीतको एक अंश

सम्पत्तिमा सबैको प्यारो
विपत्तिमा चारदिशा अध्याँरो
बस्नु पर्‍यो रोई ... (बस्नुपर्‍यो रोई) ।

### ४.२.५ झ्याउरे गीत

नेपालमा सर्वत्र प्रचलित र सबै उमेरका मानिसहरूले गाउने अति लोकप्रिय सदावहार गीत 'झ्याउरे गीत' हो । शाब्दिक अर्थ खोज्दा 'झ्याउरो' भन्ने 'झर्रा' शब्दमा 'ए' प्रत्यय जोडिएर झ्याउरे शब्द बनेको हो । झ्याउरे शब्दको अर्थ लुखुरे, निन्याउरो वा झ्याउ-झिँझो लाग्दो भन्ने बुझिन्छ (बन्धु, २०५८ : १३२) । लोक साहित्यमा झ्याउरेका केही अर्थहरू मैथिली, भोजपुरी र थारू भाषिकामा झामर लगाएर नाचिने हुँदा झामरबाट झाम्रे हुँदै झ्याउरे भएको हो । झुम्रे झाम्रे लुगामा जुरुक्क-जुरुक्क उफ्री नाचिने गीत हो भने झमुरा वा मगर भाषामा धुलो उडाएर नाचिने हुनाले झामुराबाट झ्याउरे भएको हो भन्ने विविध तर्क भेटिन्छन् (बन्धु, २०५८ : १३२) । यथार्थ जे भए पनि पट्यार लाग्दो समय कटाउन डम्फु र मादल घन्काएर गाउँदै चुड्किलो तालमा झ्यामझ्याम्ती नाच्न मिल्ने गीत नै झ्याउरे गीत हो भनेर स्वीकार्न सकिन्छ । बाह्रै महिना गाइने नेपाली भाषाको सबभन्दा लोकप्रिय र मनोरञ्जनप्रधान झ्याउरे गीत एक्लै वा दोहोरीका रूपमा पनि गाइन्छ । ठाउँ र क्षेत्र अनुसार झ्याउरे गीतका भाकाहरू विविध हुन सक्दछन् । यो गीत पनि एकोहोरी र दोहोरी दुवै प्रकारले गाउन सकिन्छ । रामजी पौडेलका गीतमध्ये 'सानुमाया' झ्याउरे भाकाको गीत हो । युवायुवतीको दोहोरीमा यस्तो गीत प्रस्तुत गरिएको छ । युवायुवतीको प्रेम प्रसङ्ग यसको मुख्य विषयवस्तु हो । पहाडी समाजमा झ्याउरे गीत लामो भाका र छोटो भाका दुवै रूपमा गाउने परम्परा छ । रामजी पौडेलको 'सानुमाया' गीत छोटो भाकामा

गाइएको झ्याउरे गीत हो । झ्याउरे गीतलाई दोहोरीका रूपमा गाउँदा टुक्काहरूलाई जोडेर दोहोऱ्याउनेहरूको समेत सहभागिता हुन्छ (बन्धु, २०५८:१३२) । यस गीतमा पनि युवा, युवतीको प्रेम प्रसङ्गमा गीत प्रस्तुत गरिएको छः

*हे सानु हिउँद लाउने*
*मंसिर महिना वर्षा लाउने जेठ*
*हे सानु हितकारी मायासँग*
*कहिले होला भेट*
*सलल ओइ सलल पानी, पानी मुनी छायाँ*
*झन् टाढा जान्छु झन्, झन् लाउँछ माया*

*हे सानु न्याउली रोयो निगालामा*
*कोइली रोयो बाँसमा*
*हे सानु मैनौ बित्यो प्रतीक्षामा*
*मिलनको आशमा*
*सलल ओइ सलल पानी, पानी मुनी छायाँ*
*झन टाढा जान्छु झन, झन लाउँछ माया* सानुमाया ।

यसरी रामजी पौडेलले दोहोरी गीत, तीजे भाकाका गीत, ख्याली गीत, एकल गीत र झ्याउरे गीतहरूको गायन र सङ्कलन गरेका छन् । उनका उल्लिखित गीतहरूमा विधागत विविधतासहित नेपाली लोकगीतका अनेक लय र भाकाहरू समेटिएको अनुभव गर्न सकिन्छ ।

## ४.३ रामजी पौडेलका गीतमा अभिव्यक्त विषयवस्तु र भाव

लोक मानसको अन्तरमनमा निहित जीवनको भोगाइका उज्याला र अँध्यारा पाटाहरूलाई खोतल्ने हाम्रा लोकगीत सङ्गीत नेपाली मन र माटाका सुगन्ध हुन् । हृदयको खेतमा उम्रने लोकगीतले सरलता, सहजता, व्यापकता, मार्मिकता, रागात्मकता जस्ता शिल्प र शैली अवलम्बन गर्दै देशकाल र परिवेशको चित्रण गरेका हुन्छन् । लोक जीवनका विविध अनुभव र अनुभूतिको नालीवेली प्रकट गर्ने लोकगीत र सङ्गीत सुनेर मानिसले हृदयमा

शान्ति र शीतलताको अनुभव गर्दछ । रामजी पौडेलले गाएका तथा सङ्कलन गरेका गीतहरूमा लोक जीवनका तिनै अनुभव र अनुभूतिका अनेकौं पक्ष र पाटोका सरल, सहज व्यापक मार्मिक र लयात्मक चित्रण पाइन्छ । आफ्ना गीतका माध्यमबाट उनले अभिव्यक्त गरेका विषयवस्तु र भावहरूलाई निम्नानुसार विश्लेषण गरिएको छः

**४.३.१ स्वदेश प्रेम**

मान्छे जन्मेपछि जन्मभूमिप्रति ऋणी हुन्छ । त्यसैले उनले सदा स्वदेशप्रति प्रेम गर्नुपर्ने हुन्छ । जो जहाँ जन्मन्छ र आफ्नो जन्मभूमिमा दुःख सुख जस्तो अवस्थामा रमाउन चाहन्छ त्यो नै स्वदेश प्रेम हो । रामजी पौडेलका कतिपय गीतहरूमा स्वदेश प्रेमका ज्वलन्त भावना मुखरित भएका छन् । उनका गीतमा आफ्नै मातृभूमिप्रतिको प्रेम र अनुराग छचल्किएको पाइन्छ । रामजी पौडेलको 'मलाई मेरै देश प्यारो' शीर्षकको गीतमा स्वदेश प्रेम अभिव्यक्त भएको पाइन्छ । उक्त गीतका माध्यमबाट परदेश गएर धन कमाउने र सुखी बन्ने सपना बोकेका कैयौं बेरोजगार युवायुवतीलाई आफ्नै जन्मभूमिमा दश नङ्ग्रा खियाएर बस्न र बाँच्न आह्वान गरेका छन् ।

*हे कोही त गए साउदी कदार कोही त गए दुवई*
*मलाई भने मेरै देशको माया लाग्छ खुबै ।*

òòò òòò òòò

*ढाकाटोपी लगाउँदा छुट्टै हुने शान*
*गाउँमा दुःख गरे नि पुगेकै छ खान*

मलाई त मेरै देश प्यारो ।

मानिस धनले होइन मनले सुखी हुनुपर्छ । बाँच्नका लागि हामीसँग पाखुरी छन् । पौरख गरे हामी सबैले आफू र आफ्नो देशको भाग्य र भविष्य बदल्न सक्छौं भन्ने देशभक्तिको भावना उनको यस गीतमा व्यक्त भएको पाइन्छ ।

यस्तै पौडेलले जसरी मलाई मेरै देश प्यारो शीर्षकको गीतमा स्वदेश प्रेमलाई अभिव्यक्त गरेका छन् । त्यस्तै गरेर विभिन्न गीतमा मायाप्रेमका सन्दर्भलाई पनि अभिव्यक्त गरेका छन् । कुनै पनि सङ्गीतमा प्रत्यक्ष वा परोक्ष रूपमा माया र प्रेमको सुगन्ध आएकै हुन्छ । रामजी पौडेलका धेरै गीतमा मुख्य विषयवस्तु मायाप्रेम नै रहेको देखिन्छ । सृष्टिको अस्तित्व र मानव जीवनको सार सबै माया र प्रेममै बाँचिरहेको हुन्छ । जन्मदेखि मृत्युसम्म

मानव जीवन फरक-फरक प्रकृति र स्वरूपको माया र प्रेममा बाँधिएको हुन्छ अनि मानिसका भोगाइ माया र प्रेमका बन्धनमा बाँधिदै र छुट्टिदै गर्दा परिपक्क र पाको हुँदै जान्छन् । रामजी पौडेलका गीतले पनि भोगाइ अनुसार माया र प्रेमका स्वरूप भिन्न हुन सक्छन् तर माया प्रेमको सौन्दर्य एउटै हुन्छ भन्ने भाव अभिव्यक्त गरेका छन् :

*रूपै तिम्रो झुल्केको घाम जस्तो*

*हुन्छ सधैँ नजिकै आमजस्तो*

*झुल्के घाम डाँडैमा बसम आडैमा*

झुल्के घाम डाँडैमा ।

कहिलेकहीँ युवायुवतीले गर्ने प्रेमप्रति गाउँलेको गुनासो हुन्छ । उनीहरूले कुरा काट्न थाल्छन् तापनि प्रेम गर्ने जोडी आफ्नो बाचाबाट विचलित हुँदैनन् ।

*के भन्ने हुन चाल पाए घरकाले*

*भन्ने बाटो पर्छ कि अर्काले*

*झुल्के घाम डाँडैमा बसम आडैमा ।*

झुल्के घाम डाँडैमा ।

पिरतीमा माया कस्तो हुन्छ भन्ने थाहा नहुँदा नहुँदै पनि मायाजालमा परेपछि थाहा हुँदो रहेछ भन्ने भाव व्यक्त गरिएको छ । आफ्नो प्रेमलाई उच्च देखाउन युवायुवती बीच कहिलेकहीँ मज्जाले जुहारी चल्दै रहेको पाइन्छ । यसरी पौडेलका गीतलाई हेर्दा उनका अधिकांश गीतमा मायाप्रेमका सन्दर्भ अभिव्यक्त भएका छन् ।

### ४.३.२ नारीका वेदना

नारी मनका पीडाजन्य भावना, विरह वा वेदनालाई नारी वेदना भनिन्छ । जव नारीको मनमा पीर पर्छ थाल्छ तब नारीका वेदना, आँसु, शब्द हुँदै अभिव्यक्त हुन्छन् । देशमा धेरै परिवर्तन आए तापनि पुरुषप्रधान नेपाली समाजमा नारीहरू परम्परादेखि थिचिँदै र पिल्सिँदै आएका छन् । उनीहरूको दैनिकी घाँस, दाउरा र मेलापात गर्दै बित्छ । मनका इच्छा र आकाङ्क्षाले कहिल्यै पनि शिर ठड्याउन पाउँदैनन् । गुन्युचोली फाटे जस्तै गरी नेपाली चेलीको हृदय पनि फाँटी रहेको यथार्थता आजको एक्काइसौं शताब्दीको कालखण्डमा पनि जीवितै छ । रामजी पौडेलले आफ्ना गीतमा यस्तै परिवेश समेटी नारीको वास्तविक पीडालाई पोख्ने काम गरेका छन् । वर्ष दिनमा आउने चाडपर्व समेत निर्धक्कसँग मनाउन

नसक्ने कमजोर आर्थिक अवस्था भएका नारी सधैँ पीडामा बाँच्न विवश छन् । नारीहरूको महान चाड तीजमा माइत जान्छु भन्दा आफ्ना श्रीमान्ले निहुँ खोज्नु जस्ता विषयलाई रामजी पौडलका गीतले यसरी उजागर गरेका छन्:

*हे माइत जान्छु भन्दा निहुँ खोज्ने खाली*

*जामकी नजाम बनायो पापी मायाले* (पापी मायाले) ।

त्यसै गरी पुरुषप्रधान मानसिकताले नारीलाई उसको मन भित्र के कस्तो छ भनी नबुझी लत्याएर हिँड्नुको पीडालाई पनि यसरी व्यक्त गरेका छन्,

*ह ह मलाई कति पीडा छ व्यथा छ*

*ढुङ्गाको मन हुनेलाई के थाहा छ ।*

*लुकाई राखे पीडा लुक्छ भनेर* (लुकाई राखे पीडा) ।

पौडेलका 'पापी मायाले' र 'लुकाई राखे पीडा हुन्छ' शीर्षकका गीतमा नारीको वेदनालाई अभिव्यक्त गरिएको पाइन्छ ।

### ४.३.३ ग्रामीण लोक जीवनको यथार्थ प्रतिबिम्ब

गाउँ घरको यथार्थ चित्रलाई प्रस्तुत गर्नु नै ग्रामीण लोकजीवनको अभिव्यक्ति हो । गाउँघरको दैनिक जीवन दुःखसुखमा बित्ने गर्दछ । उनीहरूको मनमा दया मायाको भाव प्रस्तुत हुने गर्दछ । देख्दा माया लाग्दो हुन्छ त्यही नै ग्रामीण लोकजीवन हो । रामजी पौडेलले गाएका गीतमा ग्रामीण लोक जीवनका परिवेशको यथार्थ प्रतिबिम्ब पाइन्छ । घाँस, दाउरा, मेलापात गर्दै जीवन काट्नु नेपाली ग्रामीण जनजीवनको दैनिकी हो । मायालु जोडीहरू सँगै हुन चाहेर पनि गाउँ घरमा कसैले देख्यो भने के भन्ने हो ? उसले देख्यो भने के भन्ने हो ? भन्ने सोचले गर्दा आफ्नै मायालुलाई सँगै बसौं भन्न नसक्ने ग्रामीण लोक जीवनको यथार्थका कारण एउटै मुटु दुई कप्टेरो भएको भावलाई उनले यसरी व्यक्त गरेका छन् :

*हे एउटै मुटु भयो दुई कप्टेरो*

*सँगै बसम भन्न नि अप्ठेरो*

*माया बढ्दै गयो* (माया बढ्दै गयो) ।

चेलिबेटीका लागि महान पर्व हरितालिका तीज हो । उनीहरू आफ्नो माइतमा गएर दुःखसुखका विलौना गीतका माध्यमबाट यसरी पोख्छन् :

*हे भेनासँग केही नभन भो*

*मुखले ठिक्क पार्छन् ।*

*तेरै नाटक हो भनेर*

*मेरै भ्याको भ्फार्छन्*

*बाबु सारै दुख्यो मन* (साह्रै दुख्यो मन) ।

'माया बढ्दै गयो', 'साह्रै दुख्यो मन' लगायतका गीतमा ग्रामीण लोक जीवनको यथार्थ चित्र कोरिएको पाइन्छ ।

### ४.३.४ वियोग र विछोड

जब पारिवारिक जीवनमा विचलन आउछ । आफ्नो मान्छे टाढा हुन पुग्छ त्यहाँ वियोग र विछोडको प्रवेश हुन्छ । कसैको चिन्तामा दिन बिताउनु वियोग हो भने कसैसँग छुटिनु विछोड हो । मानिसको जीवन सधैँ सुखको मात्र नभई दुःखको पनि हुने गर्दछ । जीवनमा सुख दुःख आउने जाने गर्दछन् । जसका कारण मनमा चोट पर्दा उसको मनमा वियोगको भाव उत्पन्न हुने गर्दछ । त्यसैले गर्दा रामजी पौडेलका गीतमा माया प्रेमका मात्रै कुरा छैनन् । केही गीतमा वियोग र विरहका भाव पनि प्रस्तुत भएका छन् ।

जस्तै हेरौं एक वियोग र विछोडको भाव व्यक्त भएको गीतको नमूना

*हे त्यसलाई दुःख छ भनेर*

*को छ मलाई चिन्ने ?*

*माइती टाढा भएपछि जसले पनि हेप्ने ।*

*बाबु सारै दुख्यो मन* (सारै दुख्यो मन) ।

प्रेममा विछोड भई सहनु परेको वियोगको अभिव्यक्ति पौडेलका गीतमा यसरी पोखिएको छः

*हे रोकेर भइन छुट्टने मन छैन*

*हा हा पठाम्ला कसरी ?*

*दुई वर्ष भन्छौ दिन पनि*

*हा हा कटाम्ला कसरी ?*

*आँधी है खोला* (आँधी है खोला) ।

यसरी रामजी पौडेलका गीतहरू विषयवस्तु र भावका दुष्टिले अत्यन्त स्वाभाविक र मार्मिक छन् । नेपाली ग्रामीण जनजीवनका नियति र चरित्र समेटिएका छन् । उनका गीतका विषयवस्तु लोक जीवनले भोग्दै आएका यथार्थतासँग सम्बन्धित छन् । उल्लासका गीत हुन् वा वियोग र विरहका गीत, सबै जसो गीतमा ग्रामीण परिवेशको गन्ध भेटिन्छ । उनका गीतले नेपाल आमाको मुहारलाई सम्झी मातृभूमिप्रति सम्मान व्यक्त गर्न आह्वान गरेका छन् । नेपालको लोक जीवनका विविध पक्षको प्रतिबिम्ब, जीवनका जटिल र कठिन भोगाइहरू गीतहरूमा अभिव्यक्त भएका छन् । त्यसैले उनका गीतमा लोक जीवनका भावानुभूतिको सघनता भेटिन्छ ।

## ४.४ रामजी पौडेलले गाएका गीतका विशेषता

रामजी पौडेलका गीतमा लोक जीवनका मौलिक रङ्ग भेटिन्छन् । उनका गीतमा कृत्रिमता भन्दा प्राकृतिक परिवेशको सुगन्ध पाइन्छ । त्यसैले रामजी पौडेलका लोकगीत, तीजे गीत, दोहोरी गीत, ख्याली, झ्याउरे सबै प्रकारका गीत सङ्गीतका पारखीका निम्ति सुमधुर र कर्णप्रिय लाग्छन् । ग्रामीण लवज र शैलीका शब्द तथा लयलाई गीतमा रामजी पौडेलले जनमानसका भावना र उकुस मुकुसहरूलाई अभिव्यक्त गरी छताछुल्ल पोखेका छन् । गुण र तत्त्वका आधारमा उनले हालसम्म प्रकाशन गरेका गीतहरूमा रहेका विशेषतालाई निम्नानुसारले केलाउन सकिन्छ :

### ४.४.१ सरलता र लयात्मकता

रामजी पौडेलका गीत कृत्रिमताविहीन नैसर्गिकतायुक्त तथा बोझिला अलङ्कारविहीन छन् । उनका गीत जनजिब्रोका भाषामा सलल बग्न सक्छन् । सुटुक्क हृदयमा पुग्छन् र नबिर्सने छाप छोड्न सफल हुन्छन् :

*हे विछोडको चोट कसरी खपौँला*
*अब देख्न पाउला कि नपाउला* (माया बढ्दै गयो) ।

कृत्रिम साहित्यिक सजावट छोडी सहज भइकन पनि लयात्मक गुणले युक्त रामजी पौडेलका गीतमा अत्यन्तै सरल र सहज शब्दावलीको प्रयोग पाइन्छ । उनका गीतबाट नेपाली लोक जीवनका सरल भाषा र शैलीसँग नजिक रहेको अनुभव उनका गीतबाट गर्न सकिन्छ :

*नबोलेर कति दिन बाँचिन्छ ?*

*बोल्यो कि त रडाको मचिन्छ ।* (हेराउन जाम हिन) ।

यसरी प्रत्येक चरणमा बौद्धिकता भन्दा हार्दिकता भेटिने भएकाले रामजी पौडेलका गीत सुन्ने बित्तिकै मानिसको मनमा बस्छन् । सामान्य जनमनले सहजै बुझ्न, छुट्याउन र जिब्रोले टिप्न सक्ने सरलता र लयात्मकता उनका गीतमा भेटिनु महत्त्वपूर्ण विशेषता हुन् ।

**४.४.२ प्रश्नोत्तरात्मकता**

रामजी पौडेलका कतिपय गीतमा प्रश्नोत्तरात्मकता भेटिन्छ । दोहोरी शैलीका संवादात्मक गीतमा ख्यालठट्टा, हाँसोमज्जा गर्ने सन्दर्भमा सवालजवाफ वा प्रश्नोत्तर विधि अङ्गाली गीतको संरचना तयार गरिएको भेटिन्छः

केटाः *हे आइ पुग्यो भिषा, के गरम निसा, हा हो नगएनी भा'छैन् ।*

*तीजैको बेला, छोडेर जान, हा हो कत्ति मन ला'छैन ।*

केटीः *हे भेटियो बल्ल, सुन्दैछु हल्ला, हा हो छोडेर जाँदैछौ ।*

*लाएको माया, अखएको कसम, हा हो तोडेर जाँदैछौ ?*

(आँधी है खोला) ।

पौडेलका गीतमा सोधिएका प्रश्नलाई गीतैको माध्यमबाट मिलाएर उत्तर दिने प्रश्नोत्तरात्मक शैली छन् । दोहोरी गीतको आनन्द नै घोचपेचका प्रश्नलाई त्यसै शैलीमा जवाफ दिँदा स्रोता दर्शकलाई समेत आनन्द र मनोरञ्जन प्रदान गर्दछ ।

प्रश्नः *हे जति वर्त बसे नि नानी, आखिर तिम्लाई मैले हो लैजाने ।*

उत्तरः *हे लैजाउ मेरो भावना बुझेर बस्छु तिमलाई शिवझै पुजेर*

(झ्याई-झ्याई बाजा) ।

सरल र मिठासपूर्ण प्रश्नोत्तर शैलीका यस्ता गीतमा खाली प्रश्नको उत्तर दिने र प्रश्नमा उत्तर खोज्ने काम मात्र भएको छैन । मानवीय भावनाको मार्मिक पक्षलाई उजागर गर्ने काम गरिएको छ । त्यसैले रामजी पौडेलका प्रश्नोत्तर शैलीमा गाइएका यी गीतमा अलग्गै मिठास, कौतुहलता र मनोरञ्जनात्मकता भेटिन्छन् ।

### ४.४.३ अनुप्रासमयता

रामजी पौडेलले गाएका तथा सङ्कलन गरेका गीतमा अनुप्रासमयता भेटिन्छ । गीतको पहिलो पङ्क्ति र दोस्रो पङ्क्तिका अन्तिम शब्दमा अनुप्रास मिलेको त छँदैछ एउटै पङ्क्तिमा पनि बीच-बीचमा अनुप्रास मिलेको पाइन्छ । यो उनका गीतमा भेटिने अर्को महत्त्वपूर्ण विशेषता हो :

*हे जति पीडा दिए नि खपेर*

*बसी रहें तिम्रै नाम जपेर* (लुकाइ राखेँ पीडा) ।

उल्लिखित पङ्क्तिका बीचमा पनि अनुप्रास मिलाएका छन् भने पहिलो पङ्क्ति र दोस्रो पङ्क्तिमा खपेर र जपेर जस्ता शब्दमा पनि पुनः अन्त्यानुप्रास मिलेको भेटिन्छ । यस्तै उदाहरण उनका अन्य गीतमा पनि पाइन्छन्:

*हे चोखो माया देऊ सानु मर्दैन ।*

*अरू मलाई केही दिन पर्दैन* । (हेला नगर) ।

गीतका पङ्क्तिमा प्रयोग भएका शब्दको अनुप्रास र अन्त्यानुप्रासले लयात्मकता र कलात्मकता पस्केका हुन्छन् । अनुप्रास मिलेका गीत बढ्ता मिठासयुक्त हुन्छन् । गीतको पङ्क्तिको अन्त्यमा मात्र नभई पङ्क्तिकै बीचमा पनि यदि शब्दको अनुप्रास मिलेको छ भने त्यस्ता गीतहरू अझ बढी लयात्मक र श्रुतिगम्य हुने गर्दछन् । रामजी पौडेलका गीतहरू यिनै गुणले युक्त भएकाले उनका गीतमा मिठास र माधुर्य पाइन्छ ।

### ४.४.४ आख्यानात्मकता र आख्यानविहीनता

गीतमा आख्यानात्मकताको अनिवार्यता नभए पनि कतिपय गीतहरूमा सूक्ष्म आख्यानको प्रयोग पाइन्छ । परदेश लागेका व्यक्तिका कथा, गरिबीका कारण भोग्नु परेका जीवनका नियतिहरू समेटिएका गीतमा भाग्य र भोगाइका वर्णनसँगै आख्यानको सूक्ष्म प्रयोग भएको पाइन्छ । 'मलाई त मेरै देश प्यारो' शीर्षकको एल्बममा समावेश गरिएका तीनै ओटा गीत गठिलो आख्यानमा बाँधिएका छन् । यी गीतहरू विभिन्न तीन ओटा घटना क्रम वा अध्याय जस्ता देखिन्छन् । पहिलो गीत 'मलाई त मेरै देश प्यारो' शीर्षकको गीतमा परदेश गएको युवक र आफ्नी पत्नीले जति दुःख गरे पनि त्यस्तै हो बरु आफ्नै गाउँमा दुःख गरे पनि पुग्छ खान । मलाई सुनचाँदी किन चाँहियो बरु आउनु आफ्नै देशमा भनी विदेश गएका युवकलाई भनेको सन्दर्भ पाइन्छ । यस गीत भित्र पनि एउटा बेरोजगार युवा

स्वदेशमा केही काम नपाएका कारण गाउँघर शून्य पारी विदेश गएको प्रसङ्गलाई नै विषयवस्तु बनाएको छ । तेस्रो शीर्षक 'लुकाइ राखे पीडा' मा एउटी चेलीलाई आफ्नो पतिले दुःख, पीडा, व्यथा दिएको र जति पीडा दिए पनि ती युवतीले बाहिर समाजका अगाडि पीडा लुकाएर हिँडेको प्रसङ्ग गीतमार्फत् व्यक्त भएको पाइन्छ ।

यसरी रामजी पौडेलका तीनै ओटा गीतले वियोगान्त आख्यान बोकेको भेटिन्छ । कतिपय एउटै गीतमा पनि सूक्ष्म आख्यानको गन्ध पाइन्छ । उनले सङ्कलन गरेको 'बाचा कसम तोडेर जाने' शीर्षकको गीतमा पिरतीमा आफूलाई प्रेमीले बाचाकसम खाएको र पछि छोडेर गएपछि युवतीको मन विछोडिन पुगेको प्रसङ्ग नै सुक्ष्म आख्यान भेटिन्छ । त्यसैगरी 'सारै दुख्यो मन' र 'पापी मायाले' गीतमा पनि आख्यानात्मक गुण भेटिन्छन् । रामजी पौडेलका अन्य मायाप्रेमका क्षणिक, उल्लास र उमङ्ग समेटिएका गीतमा आख्यानविहीनता पाइन्छ ।

### ४.४.५ लोकतत्त्वको प्रधानता

रामजी पौडेलका गीतमा भेटिने अर्को महत्त्वपूर्ण विशेषता लोकतत्त्वको प्रधानता हो । उनका गीतमा लोकभाषा, लोकभावना, लोक विश्वास र लोक परिवेश अटाएका छन् । ग्रामीण परिवेशमा भेटिने सानदाइ ठुलदाइ, सानु, ठुली, ठुले, साइला, साइली, निरमाया, बाबु, डाल्लेनी नानी, रानी, राजा जस्ता पात्रहरू उनका गीतमा प्रयोग भएका छन् । जनजिब्रोमा प्रयोग हुने तिम (तिमी), तिम्ले (तिमीले), गरन (गरन), लाउछ (लाग्छ), गन्तव्य (गन्तव्य), क्यारी (के गर्नै), पठामला (पढाउला), कटामला (कटाउला), रातै (रातो), पयालै ( पहेलो), आउतो (आउतनी), जस्ता अनेकौं लोक शब्दको प्रचुर प्रयोग उनका गीतमा भेटिन्छन् । त्यसैगरी रामजी पौडेलका गीतमा घाँस, दाउरा, पल्लो गाउँ, ओल्लो गाउँ, पारिपाखा, वारिपाखा, डाँडा, खरबारी जस्ता ग्रामीण परिवेशको प्रयोग र चित्रण भएको पाइन्छ ।

नेपाली भाषानुकूल प्रयोग हुन थालेका हिन्दी, डिस्को, पार्लर, स्ट्रेट, अमिन, प्रसेन्ट मोडल जस्ता शब्दले उनका गीतलाई रङ्गीन बनाएका छन् । नेपाली जनजिब्रोमा भिजेका सरर, सलल, छमछम, तिरीरी, झलल, बरिलै, बाई, बजाउँदै, लैजाउँदै जवानी जस्ता अनुकरणात्मक शब्दका प्रयोगले उनका गीतमा मिठास ल्याएका छन् ।

### ४.४.६ सन्देशमूलकता

रामजी पौडेलका गीतमा सरलता र लयात्मकता, सामाजिक जीवनको चित्रण सँगसँगै सन्देशमूलकता पनि रहेको पाइन्छ । उनका गीतमा हाम्रा संस्कार संस्कृति हराउँदै गएकाले त्यसको संरक्षणमा लाग्नु पर्छ भन्ने सन्देश उनका विभिन्न तीजका गीतले दिएको पाइन्छ । यसैगरी, पछिल्लो समय बढ्दै गएको विकृति विसङ्गतिप्रति हामीसचेत हुनुपर्छ । व्यवसायका नाममा मौलाएका नराम्रा संस्कारले हामीलाई नै कुरूप बनाउँदै जान्छ त्यसतर्फ सजग हुनुपर्छ भन्ने सन्देश उनको जग्गा व्यापारी गीतमा पाउन सकिन्छ । पछिल्लो समय युवापुस्तालाई विदेश मोहले गाँजेको छ । हामी जहाँ रहे पनि आफ्नो पसिना बगाउने हो । त्यसैले विदेशीको दासी बन्नु भन्दा आफ्नै देशमा केही गर्नुपर्छ भन्ने स्वदेशप्रेमको सन्देश पनि उनका गीतमा अभिव्यक्त भएका छन् ।

### ४.४.७ सामाजिक जीवनको चित्रण

मानिस सामाजिक प्राणी हो । त्यसैले उसले समाज सुहाउँदा गतिविधि गरेर समाजलाई सभ्य बनाउनु पर्छ भन्ने मान्यता हरेक स्रष्टामा हुन्छ । तथापि कहिलेकहीँ घर परिवारमा विभिन्न सन्दर्भ पैदा हुन्छन् । कहिले आर्थिक विपन्नताका कारण झगडा हुन पुग्छ । रिसारिसले परिवारमा विद्रोह हुन सक्छ । घरको सुख, शान्ति, अमनचयन हराउन सक्छ । कहिलेकहीँ घरको आर्थिक अवस्था कमजोर भएर घर छाडेर परदेश जानुपर्ने हुन सक्छ । जहाँ आर्थिक विपन्नताका कारणले पारिवारिक वियोग हुन सक्छ । जसका कारण सामाजिक छवि चित्रमा प्रभाव पार्न सक्छ । यस्तै, विविध सन्दर्भलाई लिएर रामजी पौडेलले गीत लेखेका छन् । जहाँ सामाजिक जीवनको चित्रण पाइन्छ । पौडेलका गीतमा बढ्दो विज्ञान र प्रविधिको विकासका प्रभावले आजको विश्व समृद्धिको चुचुरोमा पुगेको छ । नेपालको ग्रामीण जीवन भने एक पेट खान नपाएर छट्पटाएको छ । पौडेलले यी र यस्तै सन्दर्भलाई गीतमा उनेर सामाजिक विषयवस्तुको चित्रण गरेका छन् ।

### ४.४.८ एकल तथा दोहोरी गायन

गायक रामजी पौडेले एकल तथा दोहोरी दुवै प्रकारका गीत गायन क्षमता भएका कला साधक हुन् । त्यसैले उनका गीत एकल तथा दोहोरी दुवै रहेका छन् । यी पनि उनका विशेषता हुन् । उनले आफ्ना एकल गीतमा जसरी न्याय गरेका छन् । दोहोरी गीतमा दोहोरी

गीतमा पनि । यसैले उनी सफल एकल तथा दोहोरी गायक हुन् । यो उनको अर्को विशेषता रहेको पाइन्छ ।

### ४.४.९ संस्कार र संस्कृतिको संरक्षण

हरेक स्रष्टा साधक संस्कार र संस्कृतिको संरक्षक हुन आवश्यक हुन्छ । स्रष्टा साधकले हाम्रा संस्कार र संस्कृतिको संरक्षण गरेनन् भने हाम्रो अस्तित्व हराउन पुग्छ । त्यसैले गर्दा गायक रामजी पौडेलले पनि त्यसतर्फ ध्यान दिएको पाइन्छ । यी पक्षमा आफूलाई सचेत गराउनु पौडेलको अर्को विशेषता मान्न सकिन्छ । हाम्रा गायनतर्फका पञ्चेबाजा, लोकबाजा, ख्याली गीत हाम्रा संस्कार हुन् । झ्याउरे, पर्वलगायतका गीत हाम्रा संस्कृति हुन् । यसको संरक्षणमा पौडेलको उल्लेख्य योगदान रहेको पाइन्छ ।

यसरी पौडेल कुशल र सिर्जनशील साधक हुन् । उनी निरन्तर साधनामा छन् । उनले आफ्नो गायन यात्राको यो एक दशकको समयमा आफूलाई जसरी लोकगीत, संस्कार र संस्कृतिको संरक्षकका रूपमा उभ्याएका छन् । कालान्तरमा उनलाई लोकगीतका सङ्गठक र संरक्षकका रूपमा पाउन सक्ने सम्भावना जीवितै रहेको देखिन्छ ।

पाँचौं परिच्छेद

# उपसंहार

## ५.१ सारांश

यस अध्ययनपत्रमा विभिन्न परिच्छेदको क्रम, उपक्रम विभाजन गरी रामजी पौडेलका गीतको अध्ययन र विश्लेषण गर्ने काम गरिएको छ । पहिलो परिच्छेदमा 'अध्ययन परिचय' शीर्षक उल्लेख गरी यस अध्ययनपत्रको परिचय दिँदै अध्ययनको आवश्यकता र औचित्य पुष्टि गरिएको छ । दोस्रो परिच्छेदलाई गीतको सैद्धान्तिक चिनारी नामकरण गरी लोकसाहित्यको सामान्य चिनारी, लोकसाहित्यका विधा, लेकगीतको चिनारी, लोकगीतका प्रकार लोकगीतको परिभाषा, लोकगीतका प्रमुख तत्त्वहरू आदिको सामान्य चिनारी गराउँदै त्यस परिच्छेदभित्र रहेका बुँदाहरूका निष्कर्ष समेत दिइएको छ । यसैगरी, तेस्रो परिच्छेदमा रामजी पौडेलको सङ्क्षिप्त जीवनी, पौडेलले गाएका गीतको अध्ययन, वर्गीकरण, विषयवस्तु र भावको चर्चा गरिएको छ । उनका गीतमा रहेका गुण र विशेषता पहिचान गरी विश्लेषण गर्ने कार्यका साथसाथै गायकले प्राप्त गरेका पुरस्कार र सम्मान तथा प्रकाशित एल्बमका गीतहरू समावेश गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपाली लोकगीत सङ्गीतका फाँटमा आफ्नो अलग्गै उपस्थिति जनाएका रामजी पौडेल कुशल गायक र गीत सङ्कलक हुन् । करिब एक दर्जन गीति एल्बम प्रकाशन गरी सकेका गायक रामजी पौडेल वर्तमानमा पनि गीत सङ्गीतमा उत्तिकै क्रियाशील कला साधक हुन् । निम्न मध्यम वर्गीय परिवारमा जन्मिएर पनि आफ्नै प्रतिभा र साधनाका कारण सफल भएका कलाकर्मी हुन् । बाल्यावस्थादेखि नै गीत गुन्गुनाउँदै हिँड्ने गायक रामजी पौडेलले समय क्रमसँगै विभिन्न स्थानीय तथा राष्ट्रियस्तरका दोहोरी गीत प्रतियोगितामा आफ्नो प्रभावशाली उपस्थिति देखाएर आफ्नो प्रतिभाको परिचय दिइसकेका छन् । उनले आफूमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउँदै लगे । यसरी उनी छोटो अवधिमै विविध भाव र विषयवस्तु बोकेका गीतको गायन र सङ्कलनमा सफल भएका छन् ।

रामजी पौडेल स्पष्टवक्ता, अनुशासित, मिलनसार र भद्र स्वभावका व्यक्ति हुन् । उनले गाएका र सङ्कलन गरेका गीतमा नेपाली जनजीवन र माटोको सुगन्ध भेटिन्छ । उनका गीतमा युवायुवतीका मायाप्रेम, छोरीचेलीका कुण्ठा र वेदना ग्रामीण जनजीवनको विपन्न आर्थिक तथा मानव मनका उज्याला, अँध्यारा पाटाहरू अभिव्यक्त भएका छन् । उनले आफ्ना गीतहरूका माध्यमबाट वर्ष दिनमा आउने तीजमा माइत जाने र मिठो मसिनो खाने कल्पनामा रमाउँदै घाँसका त्यान्द्रामा दिन गन्दै ग्रामीण चेलीको जीवन चरित्र उजागर गरेका छन् । रामजी पौडेलले बेरोजगारीको साङ्लोमा बाँधिएका नेपाली युवाहरू आफ्नो भाग्य र भविष्य खोज्दै रोजगारका लागि विदेशमा होमिनु परेको र परदेशमा दुर्दशापूर्ण जीवन भोग्नु परेको वर्तमानको तितो यथार्थतालाई आफ्ना गीतहरूका माध्यमबाट उछिनेका छन् ।

रामजी पौडेलले दोहोरी गीत, तीजे भाकाका गीत, ख्याली गीत, एकल गीत र झ्याउरे गीत जस्ता विविध प्रकारका गीतको गायन र सङ्कलन गरेका छन् । उनका गीतहरू लयात्मक गुणले युक्त छन् । अत्यन्त सरल र सहज शब्दावलीको प्रयोग गरी लोक भाकामा सलल बगेका उनका गीतहरू अत्यन्त मिठासपूर्ण र कर्णप्रिय छन् । दोहोरी शैलीका संवादात्मक ख्यालठट्टा, हाँसोमज्जा र प्रश्नोत्तरात्मकता जस्ता गुणहरूले युक्त उनका गीतहरूले श्रोता दर्शकलाई मनोरञ्जन गराउन सक्ने सामर्थ्य बोकेका छन् । प्रत्येक पङ्क्तिको बीचमा वा अन्त्यमा अनुप्रास मिलाइएको हुनाले उनका गीतले मधुरता, लयात्मकता र कलात्मकता पस्केका छन् । नेपाली जनजिब्रोमा भिजेका र लोक जीवनमा प्रचलित शब्दको प्रचुर प्रयोगले गर्दा रामजी पौडेलका गीतमा नेपाली लोक जीवनको सौन्दर्य भेटिन्छ ।

रामजी पौडेलका गीतमा ग्रामीण जीवन र परिवेशको यथार्थ प्रतिबिम्ब र चित्र पर्याप्त मात्रामा प्रयोग भएको पाइन्छ । उनका गीतहरूमा लोकभाषा, लोकभावना, लोक विश्वास र लोक परिवेश अटाएका छन् । जसले गर्दा उनका गीतहरूको श्रवणबाट लोक जीवनले आफ्नै अन्तर मनका अनुभूति र भावनाहरू छचल्किएका वा पोखिएका अनुभव गर्न सकिन्छ ।

## ५.३ सुझाव

नेपालीहरूका साँस्कृतिक सम्पदा, मौलिक पहिचान र गरिमामय अस्तित्व बोकेका गीतहरूको संरक्षण गरी भावी पुस्ताका निम्ति सुरक्षित राख्नु र लोकगीतका भण्डार अभिवृद्धिमा क्रियाशील कलाकर्मीको यथोचित सम्मान गर्नु आजको आवश्यकता र हाम्रो दायित्व हो । त्यस्तै गण्डकी र यसको सेरोफेरोका लोकगीत, भाकाहरूको सङ्कलन र गायनमा सक्रिय रामजी पौडेल जस्ता कलाकार देशका अन्य क्षेत्रमा प्रचलित गीतहरूको सङ्कलन र गायनमा समेत क्रियाशील हुन सके राष्ट्रको सांस्कृतिक एकता अझ बलियो हुने थियो भन्ने अपेक्षा गर्न सकिन्छ । त्यसैगरी रामजी पौडेलले गाएका र सङ्कलन गरेका गीतको थप अध्ययन वा अनुसन्धान कार्यका लागि देहाय बमोजिमका शीर्षक वा क्षेत्रहरू उपयुक्त हुन सक्ने देखिन्छन् ।

क) रामजी पौडेलका गीतमा काव्यात्मकताको अध्ययन,

ख) रामजी पौडेलका गीतमा अलङ्कार विधान,

ग) रामजी पौडेलका गीतमा प्रकृति चित्रण,

घ) रामजी पौडेलका गीतमा समाज चित्रण ।

परिशिष्ट खण्ड : १

# रामजी पौडेलका गीतको सङ्कलन

**एल्बमः बस्नु पऱ्यो रोई (२०६४)**

**स्वरः रामजी पौडेल** **शब्द/लयः रामजी पौडेल**

केटाः सम्पत्तिमा सबैको प्यारो
विपत्तिमा चारदिशा अँध्यारो
बस्नु पऱ्यो रोई जमाना नै
यस्तो हो कि मान्छे उस्तो खोई
पैसा भए सबै आफ्नो नत्र छैन कोई ।

केटीः माया पनि पैसामा बिक्नी
धन भएसी ठीक हुन्छ बेठीक नि
बस्नु पऱ्यो रोई जमाना नै
यस्तो हो कि मान्छे उस्तो खोई
पैसा भए सबै आफ्नो नत्र छैन कोई ।

केटाः तेसै हो र यो मन दुखेको
धन अघि दुनियाँ झुकेको
बस्नु पऱ्यो रोई जमना नै ......।

❖❖❖

**एल्बमः सलल डुङ्गा (२०६७)**

**स्वरः रामजी पौडेल** **शब्द/लयः अलि मियाँ र हरिदेवी कोइराला**

दुवैः सलल डुङ्गा यो फेवातालैमा
म पनि परेँ मायाको जालैमा ।

केटीः घरको पालि चुइयो हजुर केले होला छाउने
चोखो चिसो माझै हजुर कहिले होला आउने
सलल डुङ्गा यो फेवातालैमा
म पनि परेँ मायाको जालैमा ।

केटाः मनको व्यथा मनमै हुन्छ कोही छैन रुने
रुँदै बित्यो यो जिन्दगी कहिले निको हुने ?
सलल डुङ्गा यो फेवातालैमा
म पनि परे मायाको जालैमा ।

केटीः के भो भन्ने छैनन् कोही विरहले छुँदा
लाखौँ लाख झरे होलान् यी आँसुको बुँदा
सलल डुङ्गा यो फेवातालैमा …………

केटाः मलाई छाडी नजाऊ कतै जीवनभरको साथी
तिमलाई सम्झी फाट्ला कति यो पहारे छाती
सलल डुङ्गा यो फेवातालैमा …………

दुवैः मनको कुरा हुन्न बुँदा जहाँ गए पनि
रुँदै जाम्ला मन बुझाम्ला दुःखै पाए पनि
सलल डुङ्गा यो फेवातालैमा …………

❖❖❖

**एल्बमः सुन मेरी काली (२०६८)**

**स्वरः रामजी पौडेल र विष्णु माझी** **शब्द/लयः रामजी पौडेल**

केटाः हे मार्छु भनी खुवाएनी विष मलाई
धरो धर्म उठदैन रिस मलाई
सुन मेरी काली
म त केवल तिम्रै हो सुन मेरी काली
चाहे माया गर मलाई चाहे गर गाली ।

केटीः हे दिन्छु माया हृदय फुकाएर
मेरो अन्तरआत्माको पुकार
सुन मेरो काले,
म पनि त तिम्रै हो सुन मेरो काले
कति मिठो माया दियौ संसार भुल्न थाले ।

केटाः हे छिनमा हाँस्सौ छिनछिनमा रिसाउँछौ
रिसमा पनि पिरती मिसाइछेऊ
सुन मेरी काली ........।

केटीः हे भेट्दा तिम्लाई थर्काउँछु हटाउँछु
नभेट्दाका दिन रोएर कटाउँछु
सुन मेरो काले ........।

केटाः हे हिँडे पनि तिमीसँग तर्केर
आउन मन लाइहाल्छ फर्केर
सुन मेरी काली ........।

केटीः हे रिस उठे नि एकछिनमा सेलाउँछ
यो मायाको अगाडि के लाउँछ
सुन मेरो काले ........।

केटाः हे तिमी प्यारी भाकी छौ मुटुभैँ
भेटे पछि हुदैन छुटुभैँ
सुन मेरी काली ........।

केटीः हे आफैँ रुवाउँछौ आफैँले हँसाउँछौ
हसाइँ-हसाइँ मायामा फसाउँछौ
सुन मेरो काले ........ ।

केटाः हे तिमीसँग भेट नभा दिनमा
सयौं चोटी सम्भन्छु एकछिनमा
सुन मेरी काली ........।

केटीः हे बस्न नपाई मायाको आडैमा
थाहा नपाई घाम पुग्छ डाँडैमा
सुन मेरो काले ........।

केटाः हे यही रैछकी मायाको आम्दानी
तिम्लाई भेट्छु ढुकढुकी छाम्दा नि
सुन मेरी काली ........।

केटीः हे तिम्रै यादले सताउछ दिनरात
हराइ सक्यो भोक र निद्रा त
सुन मेरो काले ........।

केटाः हे पीरले मुटु जलाउँछ गलाउँछ
तिमलाई हेर्छु बाँच्ने आश पलाउँछ
सुन मेरी काली .......।

केटीः हे तिमी खुशी तिमी नै धन मेरो
अर्पण गरेँ तन मेरो, मन मेरो
सुन मेरो काले .......।

केटाः हे यो मायामा अनौठो शक्ति छ
त्यही शक्तिको मनभरी भक्ति छ
सुन मेरी काली .......।

केटीः हे कृष्ण तिमी म तिम्रो राधा हो
मुटु एउटै ज्यान आधा-आधा हो
सुन मेरो काले .......।

केटाः हे धोका दिए दुख्ने छ मन साह्रै
त्याग्न सक्छु एक पलमा संसारै
सुन मेरी काली .......।

केटीः हे तिमी बाहेक सोच्दिन अरु म
मर्न तयार हुनेछु बरु म
सुन मेरो काले .......।

केटाः हे हाम्रो माया उदाहरण लिनी होस्
अमर प्रिती भनेर चिनियोस्
सुन मेरी काली .......।

केटीः हे एकै चिम्टी सिंदुरले पोतेर
राख तिम्रै छायाँमा ओटेर
सुन मेरो काले .....।

❖❖❖

**एल्बमः हेला नगर (२०६९)**

**स्वरः रामजी पौडेल र सीता केसी** **शब्द/लयः रामजी पौडेल**

केटाः हे म रित्तै छु तिम्लाई केही दिम् भने
तिम्रो मेरो उदाहरण लिम् भने
तिमी खोली म त बगर
सक्छौं भने माया गर हे सानु नसके नि हेला नगर ।
तिम्लाई केही दिम् भने
तिमी खोली म त बगर
(सक्छौं भने माया गर हे सानु नसके नि हेला नगर)[२] ।

केटीः हे चोखो माया देउ सानु मर्दैन
अरु मलाई केही दिन पर्दैन
तिमी खोली म त बगर
सक्छौ भने माया गर हेसानु नसके नि हेला नगर ।
तिम्लाई केही दिम् भने
तिमी खोली म त बगर
(सक्छौं भने माया गर हे सानु नसके नि हेला नगर)[२] ।

केटाः हे तिम्रो जस्तो मेरो नि मन छ
यो मनले नि तिम्रो साथ चाहन्छ ।
तिमी खोली म त बगर ................।

केटीः हे जाने हौ कि मलाई छेऊ लगाउँदै
मेरो खुशी बगाउँदै बगाउँदै
तिमी खोली म त बगर ................।

केटाः हे यस्तो कुनै दिन नहोस् रात नहोस्
जहाँ मेरी मायाको साथ नहोस्
तिमी खोली म त बगर ................।

केटीः हे तिमीले हुन्छ मनमा भनन
तिम्रो हातमा सुम्पियो जोवान
तिमी खोली म त बगर ................।

केटाः सक्छौ भने माया गर
हे सानु नसके नि हेला नगर
तिमी खोली म त बगर ................।

❖❖❖

**एल्बमः लुकाई राखेँ पीडा (२०७१)**

**स्वरः सीता केसी** **शब्द/लयः रामजी पौडेल**

केटाः ह...ह दुखे पनि मन घरीघरी
मन घरीघरी
हाँसी रहे नदुखे झैँ गरी
लुकाइ राखे पीडा लुक्छ भनेर
तिमीले कहिले सोच्यौं र निरमाया
यसको पनि मन हो, दुख्छ भनेर ।[२]

केटीः ह...ह मलाई कति पीडा छ व्यथा छ
पीडा छ व्यथा छ
ढुङ्गाकै मन हुनेलाई के थाहा छ
लुकाइ राखेँ पीडा लुक्छ भनेर
तिमीले कहिले सोच्यौं र निरमाया
यसको पनि मन हो, दुख्छ भनेर ।[२]

केटाः ह...ह जति पीडा दिए नि खपेर
दिए नि खपेर
बसी रहे तिम्रै नाम जपेर
लुकाइ राखेँ पीडा लुक्छ भनेर

केटीः ह...ह सधै तिम्रो खुशीको निमित्त
खुशीको निमित्त
भयो जीवन आँसुमै सिमित
लुकाइ राखेँ पीडा लुक्छ भनेर ।

❖❖❖

**एल्बमः भन्न नसकेर** (२०७०)

**स्वरः रामजी पौडेल र सरस्वती लामिछाने** **शब्द/लयः रामजी पौडेल**

केटीः हे भन्-भन् दुरी लम्बिदै गइरह्यो
उनको रहर मनैमा रहिरह्यो
भन्न नसकेर
म आज यसरी रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर ॥[२]

केटाः हे मनको इच्छा भएन पुरानी
तिम्लाई भन्नै परने केही कुरा नी
भन्न नसकेर
म आज यसरी रुन परेको
तिमी भैँ निष्ठुरी बन्न नसकेर
भएनी पुरानी तिम्लाई भन्नै परेन केही कुरा नी ।

केटीः हे जसलाई दिलमा लुकाएँ छुपाएँ
उसलाई आफ्नो बनाउने उपाय
भन्न नसकेर ...... ।

केटाः हे माया गरे कम्जोरी यही भयो
जस्तो नहोस् भन्याथे त्यही भयो
भन्न नसकेर ......।

❖❖❖

**एल्बमः कस्तो होला बोली** (२०७०)

**स्वरः रामजी पौडेल र तुलसा जिसी** **शब्द/लयः रामजी पौडेल**

केटाः जहिले पनि बजे सी पौने दश
चढ्न आउछिन् क्याम्पसमा रानी बस
कस्तो हो बोली
यही बाटो ओहोरदोहोर गर्छिन एउटी मैया
उनलाई मात्र हेरी रहुँ भैँ हुन्छ आज भोलि ।[२]

केटीः हुन्छ भेट पसलमा जाँदा नि
चोकमा निस्की चटपटे खाँदा नि
कस्तो होला बोली
यही बाटो ओहोरदोहोर गर्छ एउटा भिल्के
उनलाई मात्र हेरी रहुँ भैँ हुन्छ आज भोलि ।[२]

केटाः बाटो हेर्छु यति याद आउँदैन
कोठा भित्र बस्नै मन लाउँदैन
कस्तो होला बोली ........।

केटीः माया कस्तो हो भन्ने थाहा थिएन
के भो यस्तो अहिले समा थिएन
कस्तो होला बोली ........

केटाः केही दिन भयो के रोग लाग्यो
टोलाउने बोल्न मन लाछ कसरी बोलाउने
कस्तो होला बोली ........।

केटीः  हेरी रहन्छ मन कहिलै खोज्दैन
बोल्छ बोल्छ झैँ गर्छ बोल्दैन
कस्तो होला बोली ........।

केटाः  भयो भने हाम्रो भेट साँझमा
मनको कुरा भन्दिन्छु आज म
कस्तो होला बोली ........।

केटीः  सधैँ कति मान्ने हो लाज त
पूर्ण बोली बोल्दिन्छु आज त ।
कस्तो होला बोली ........।

❖❖❖

**एल्बमः भ्याइँ-भ्याइँ बाजा** (२०७०)

**स्वरः रामजी पौडेल र सन्जीता गायक** **शब्द/लयः रामजी पौडेल**

केटाः हे व्रत बसेनी नानी,
आखिर तिम्लाई मैले हो लैजाने
पाऱ्यौ मायाको जालभित्र
तिम्लाई भ्याई भ्याई भ्याई बाजा बजाउँदै
लैजान्छु ७० साल भित्र ।[२]
हे मेरी रानी आँखाकी नानी
तिम्लाई भ्याइँ भ्याइँ भ्याइँ बाजा बजाउँदै
लैजान्छु ७० साल भित्र हाई ७० साल भित्र ।

केटीः हे लैजाऊ मेरो भावना बुझेर
बस्छु तिम्लाई शिव झैँ पुजेर
पाऱ्यौ मायाको जालभित्र
मलाई भ्याइँ भ्याइँ भ्याइँ बाजा बजाउँदै
लैजाउ है ७० साल भित्र ।[२]
हे मेरो राजा यहीँ भन्छु आज
मलाई भ्याइँ भ्याइँ भ्याइँ बाजा बजाउँदै
लैजाउ है ७० साल भित्र हाई ७० साल भित्र

केटाः हे सानु तिमीले जे भन्छौ त्यही गरी
तिम्लाई मेरी बनाउँछु केही गरी
पाऱ्यौ मायाको जाल भित्र .....।

केटीः हे तिम्रै होनी अरुकी होइन म
पीर नमान नबुझ्ने छैन म
पाऱ्यौ मायाको जाल भित्र .....।

केटाः हे यही साल भित्र
बन्ने छौ तिमी मेरा घरकी गृहलक्ष्मी
पाऱ्यौ मायाको जाल भित्र .....

केटीः हे जति केटा आए नि
भो भन्दै बसेकी छु म तिम्रो हो भन्दै
पाऱ्यौ मायाको जाल भित्र .....।

केटाः हे तिमी सँगै घरबार जोड्छु
मंसीर मात्र आउनदेउ काँ छोड्छु ?
पाऱ्यौ मायाको जाल भित्र .....।

केटीः हे हिँड्न मन छ तिमीसँग रमाउँदै
हे मेरो हजुर भन्दै हात समाउँदै
पाऱ्यौ मायाको जाल भित्र .....।

केटाः हे तिम्लाई मेरी बनाउने दिन हुनेछ
यो संसार रंगीन
पाऱ्यौ मायाको जाल भित्र .....।

केटीः हे तिम्लाई पाए मल पाउँथेँ जल पाउँथेँ
मैले व्रत बसेको फल पाउँथेँ
पाऱ्यौ मायाको जाल भित्र .....।

❖❖❖

**एल्बमः बाचा कसम तोडेर जानेलाई (२०७१)**

**स्वरः रामजी पौडेल र माया गुरुङ** **शब्द/लयः रामजी पौडेल**

केटीः हे सँगै जिउने (थियो नि बाँचा)[२]
भत्किएको घर जस्तै मन भाछ
बाचा कसम तोडेर जानीलाई
नजाऊ नजाऊ भनेकै होकेरे
के लाउँछ र छोडेर जानीलाई ।[२]

केटाः हे किन हिँड्यौ (निष्ठुरी बनी)[२]
एकै वचन जान्छु नि नभनी
बाचा कसम तोडेर जानीलाई ............।

केटीः हे आफै माया लाम भन्यौ रुँदै
आफैँ छोड्यौ वर्ष दिन नहुँदै
बाचा कसम तोडेर जानीलाई ............।

केटाः हे माछी भए छेक्थेँ जाल बुनेर
चरी भए राख्ने थिए थुनेर
बाचा कसम तोडेर जानीलाई ............।

केटीः हे जाँ गएनि सुगन्ध छर्दै जाऊ
उत्तर-उत्तर प्रगति गर्दै जाऊ
बाचा कसम तोडेर जानीलाई ............।

केटाः हे तिमी गयौ तिम्रो याद गएन
रुँदै पछि लाउन नि भएन
बाचा कसम तोडेर जानीलाई ............।

केटी: नजाऊ भनेकै होकेर
के लाउँछ र छोडेर जानेलाई
बाचा कसम तोडेर जानीलाई ............।

केटी: नजाउ नजाउ भनेकै होकेर
के लाउँछ र छोडेर जानेलाई
बाचा कसम तोडेर जानीलाई ............।

❖❖❖

**एल्बमः हेराउन जाम हिँड (२०७१)**

**स्वरः रामजी पौडेल र तुलसी जिसी** **शब्द/लयः रामजी पौडेल**

केटाः आजकल च्याप्पै मिल्दैन हित
ग्रहदशा बिग्रेर हो कि त
हेराउन जाम् हिँड
एकै दिनमा चारचोटी झगडा
हुन थाल्यो किन
मिल्दैन हित ग्रहदशा बिग्रेर हो कि त
हेराउन जाम् हिँड
ओइ एकै दिनमा चारचोटी झगडा हुन थाल्यो किन ।

केटीः नबोलेर कति दिन बाँचिन्छ
बोल्यो कित रडाको मचिन्छ
हेराउन जाम् हिँड
एकै दिनमा चारचोटी झगडा
हुन थाल्यो किन
मिल्दैन हित ग्रहदशा बिग्रेर होकी त
हेराउन जाम् हिँड
ओइ एकै दिनमा चारचोटी झगडा हुन थाल्यो किन ।

केटाः झर्किंदै झर्किंदै गइ पँधेरी
जतिबेला हेरेनी अँधेरी
हेराउन जाम् हिँड .....।

केटीः तिम्ले पनि मान्छौ भो झिजो त
कुट्नै आउला झैँ गरेउ हिजो त
हेराउन जाम् हिँड .....।

केटाः यो पाराले हुँदैन हेर
कि त छुटिम् कि त बसम् मिलेर
हेराउन जाम् हिँड .....।

केटीः गर्न पऱ्यो हेराउने चराउने
दुःख पीडा थियो कि हराउने
हेराउन जाम् हिँड .....।

❖❖❖

**एल्बमः सारै दुख्यो मन (२०७१)**

**स्वरः रामजी पौडेल र पार्वती जिसी** **शब्द/लयः रामजी पौडेल**

केटीः हे बा भएता लिन आउँथे
लौरी टेकीटेकी
माइत जान हरायो आमा बितेदेखि
बाबु सारै दुख्यो मन
तीजमा पनि लिन नआई किन गर्छस् फोन
बाबु सारै दुख्यो मन
फोनको भरमा पठाउँदैनन् किन गर्छस् फोन
बाबु सारै दुख्यो मन ।

केटाः हे अफिसमा काम लथालिङ्ग
एक छिन फुर्सद छैन
त्यही भएर बुहारी नि अहिले माइत गइन
दिदी नदुखाउनुस् मन
लिन आउने फुर्सद छैन गरे मैले फोन
दिदी नदुखाउनुस् मन
यो तीजमा त जसै आउनु गरे मैले फोन
दिदी नदुखाउनुस् मन ।

दुवैः तीजको रन्को मारेर फनको
नाचन साइँली धोको फेरेर मनको ।

केटीः हे कोखाई कोखाई भनि भनि खान खुवाउने तँलाई
ठूलो मान्छे बनिस् अब के सम्झन्थिस् मलाई
बाबु सारै दुख्यो मन..................।

केटाः  हे बिहानदेखि बेल्कासम्म काम गर्छु मरिमेटी
बजारमा त झन् पाल्न गाह्रो जहान केटाकेटी
दिदी नदुखाउनुस् मन.....................।

दुवैः  तीजको रन्को मारेर फनको
नाचन साइँली धोको फेरेर मनको ।

केटीः  हे त्यसलाई दुःख छ भनेर
को छ मलाई चिन्ने
माइती टाढा भएपछि जसले पनि हेप्ने
बाबु सारै दुख्यो मन...................।

केटाः  हे यो तीजमा त आउनुस् दिदी
बाटो हेरी रहन्छु
भेनालाई नि फोन गरेर पठाइदिनुस् भन्छु
दिदी नदुखाउनुस् मन.....................।

दुवैः  तीजको रन्को मारेर फनको
नाचन साइँली धोको फेरेर मनको ।

केटीः  हे भेनासँग केही नभन भो मुखले ठिक्क पार्छन्
तेरै नाटक हो भनेर मेरै झ्याँको झार्छन्
बाबु सारै दुख्यो मन...................।

केटाः  हे वर्ष दिनको चाड हो दिदी मिलाएर आउनुस्
जति मन फाटे पनि सिलाएर आउनुस्
दिदी नदुखाउनुस् मन.....................।

दुवैः  तीजको रन्को मारेर फनको
नाचन साइँली धोको फेरेर मनको ।

❖❖❖

**एल्बमः जग्गा व्यापारी (२०७३)**

**स्वरः रामजी पौडेल, नवराज अधिकारी र तुलसा जिसी  शब्द/लयः रामजी पौडेल**

केटीः हे मेरा बुढा बाठा भए
जग्गा व्यापार गरेर ।[२]
छ महिना मै शहर ल्याए
बसाई सरेर, हो बसाईं सरेर
म पनि बन्छु बाइ जग्गा व्यापारी
त्यसै कहाँ छोड्ला दुनियाँलाई दङ्गै नपारी ।

केटाः हे एउटा जग्गा पास गरियो
दुईटा बैना लेखियो ।[२]
सबैभन्दा राम्रो कमाई
यसमा देखियो, हो यसमा देखियो
अहिले त गरिन्छ घर जग्गाको काम
भन्नेले जे भनुन् आफूले त कमाइन्छ धन ।

केटीः हे जतिको काम गरे
पनि तीन प्रसेन्ट आइहाल्ने ।[२]
एक/दुई लाख नाफा दिए
जग्गा पाइहाल्ने हो जग्गा पाइहाल्ने
म पनि बन्छु बाइ जग्गा व्यापारी.....................।

केटाः हे कोही त आए जापानबाट
कोरिया त आए कोही ।[२]
लाहुरे भेट्न आउँछु भन्थे
कता गए कोही हो कता गए कोही
अहिले त गरिन्छ घर जग्गाको काम...............।

केटीः हे गाउँमा भैंसी पाली बस्थे
खरबारीमा घाँस काट्दै ।[२]
बजार बजार हिँड्छ
अहिले कस्ता-कस्ता
गफ छाँड्दै हो गफ छाँड्दै ।
म पनि बन्छु बाइ जग्गा व्यापारी......................।

केटाः हे बैंकमा जग्गा धितो राखे पनि
ऋण लिन पाइन्छ ।[२]
बरु भाका मिलाई दिउँला
कति चाहिन्छ कति चाहिन्छ
अहिले त गरिन्छ घर जग्गाको काम...............।

केटीः हे के हो काम थाहा थिएन
लेखनदास र अमिनको ।[२]
क्षेत्रफलको हिसाब गर्छ
अहिले जमिनको अहिले जमिनको
म पनि बन्छु बाइ जग्गा व्यापारी......................।

केटाः हे लाल पुर्जा झोला भित्र
नक्सा राखी गोजीमा ।[२]
कार छ हेर हिँड्ने
भइयो जग्गा खोजीमा
अहिले त गरिन्छ घर जग्गाको काम...............।

❖❖❖

**एल्बमः तीजैको बेला** (२०७३)

**स्वरः रामजी पौडेल र रनु गुरुङ         शब्द/लयः रामजी पौडेल/विनोद रामदाम**

केटाः हे सरर आयो तीजको लहरै रातै र पयाँलै
म पनि आएँ भेट्छु की भनी हितैको मयालाई ।[२]
तीजैको बेला रमाइलो मेला तीजैको गीत गाम्ला बरिलै
मायाले सँगै नाच्न आउ भने म पनि उतै जाम्ला बरिलै
हा म पनि उतै जाम्ला बरिलै ।[२]

केटीः हे तीजैको बेला मरक्कै कम्मर भाचम्की मै पनि
जुरुक्कै उठी फनक्कै घुमी नाचम्की मै पनि
तीजैको बेला रमाइलो मेला तीजैका गीत गाम्ला बरिलै
मायाले सँगै नाचौला भने म पनि नाच्न जाम्ला बरिलै ।[२]

केटाः हे नाचन सानु मै अघि सरे थपडी बजाउन
जसरी आउँछ त्यसरी नाच पर्दैन लजाउन
तीजैको बेला रमाइलो मेला ................।

केटीः सरक्कै सर्कियो लरक्कै लर्कियो सारीले भुँइ छुने
आउतनी सानु सँगसँगै नाँचौ सिकाउने मै छु नी
तीजैको बेला रमाइलो मेला ................।

केटाः हे बोलायौ तिम्ले आउन त आएँ आएसी फर्किन्न
कसरी नाचम तिम्रा झैं कम्मर मर्किदै मकिन्न
तीजैको बेला रमाइलो मेला ................।

केटीः हे लौ हेर उता कसरी नाचे साने र डल्लेनि
जाने त छमछम नाचिन्छ क्यारे नजाने हल्लीनि
तीजैको बेला रमाइलो मेला ................।

केटाः  हे मनको मैलो पखालम आज तिर्सना मेटेर
जे भए नि रमाइलो भयो तिमीलाई भेटेर

केटीः  हे मान्छेको जुनी टुङ्गो नहुने दिन बाँचिन्छ
फेरि भेट हुने कहिले हो कहिले आज त नाचिन्छ ।

❖❖❖

**एल्बमः बाबाजीको आँगनी (२०७३)**

**स्वरः रामजी पौडेल र सरस्वती लामिछाने** **शब्द/लयः रामजी पौडेल**

दुबैः तीजैमा छमछम नाच्ने भनेको बाबाजीको आगनी भत्किएछ बाई ।[२]
न घरमा ठुल्दाइ न घरमा सानदाइ ।[२]
बाबाजीको आगनी भत्किएछ बाई
तीजैमा छमछम नाच्ने भनेको बाबाजीको आगनी भत्किएछ बाई ।[२]

केटाः साथीभाइ सबै परदेशी भए शून्य छ गाउँघर
चाडपर्व आए नि माइली के रमाइलो छ र
तीजैमा छमछम नाच्ने भनेको बाबाजीको आगनी भत्किएछ बाई ।[२]
न घरमा ठुल्दाइ न घरमा सानदाइ ।[२]
बाबाजीको आगनी भत्किएछ बाई
तीजैमा छमछम नाच्ने भनेको बाबाजीको आगनी भत्किएछ बाई ।[२]

केटीः अरु बेला फुर्सदै हुन्न वर्ष दिनमा टेक्दा
झन उराठ लाउँछ झन वैराग लाउँछ माइती देश देख्दा
तीजैमा छमछम नाच्ने भनेको........................।

केटाः तीज आए पनि के खानु छ र दूध छैन मही छैन
बाखाको पाठो फुस्किए पनि समाइदिने कोही छैन ।
तीजैमा छमछम नाच्ने भनेको........................।

केटीः बाँझै छ खेत बाँझै छ बारी बिरूपै भयो घर
पिँढीको डीलमा बसेर आमा रुन्छिन् धरर
तीजैमा छमछम नाच्ने भनेको........................।

केटाः ओल्लो घर रित्तै पल्लो घर रित्तै बसी छौ आमा धन्न
आँटीमै बस्छन् बादरको हुँल के जोगिन्थ्यो अन्न
तीजैमा छमछम नाच्ने भनेको........................।

केटीः कपाल फुलेर काश झैँ भयो भएन तिमीलाई ढुक्क
जति जति बुढेसकाल लाग्यो झन थपियो दुःख
तीजैमा छमछम नाच्ने भनेको........................।

केटाः बलिया बाङ्गा कोही छैन गाँउमा बुढापाकालाई पीर
बिरामी हुँदा बोकेर कल्ले झार्ने हे बेशीतिर
तीजैमा छमछम नाच्ने भनेको........................।

केटीः कसैलाई छैन गाउँघरको माया सबैलाई प्यारो धन
कहिलेसम्म रोइरहने होला ऐ आमा तिम्रो मन
तीजैमा छमछम नाच्ने भनेको........................।

❖❖❖

**एल्बमः बल्ल आयौ हितैषी** (२०७३)

**स्वरः रामजी पौडेल र अम्बिका बानियाँ** **शब्द/लयः अम्बिका बानियाँ**

केटाः उकालीमा स्याँस्या गर्दै आएँ म त काली हो आए म त काली
पढाइतिर गोली मारेँ गरे गरुन् गाली
हो चढ्दै आएँ उकाली,
पसीना बगाउँदै हो चढ्दै आएँ उकाली,
लाको जकेट फुकाली ।[४]

केटीः पोहोर भेट्न आउँछु भन्थ्यौ बल्ल आयौ गाउँमा हो बल्ल आयौ गाउँमा
आधा जोवान बिताइसके मायालुकै नाउँमा
बल्ल आयौ हितैषी
बाटो हेर्दाहेर्दै आधा जोवन बितेसी, बल्ल आयौ हितैषी ।[४]

केटाः नरिसाउ न मेरी काली रिसाएको सुहाउन्न
सम्झी कती रोयौ होला अब तिम्लाई रुवाउन्न
फिक्कर मान्नु पर्दैन
तिमीलाई नलिईकन काले शहर झर्दैन, फिकर मान्नु पर्दैन ।[४]

केटीः गाउँकी काली बिर्सेऊ कि, शहरतिर पसी
तिमी आउँछौं भन्ने सुनी किनी ल्याएँ खसी ।
खामला खसी काटेर, सँगै लैजाऊ मलाई नजाउ अब ढाटेर
खामला खसी काटेर ।[४]

केटाः सम्झी छौ कि बिर्सीयौ नि बाख्रा हेर्न गाको, हो बाख्रा हेर्न गाको ।
माइलाबाको घरमा पसी खिर चोरेर खाको
फकाई फकाई खिर खुवाउँथ्यौ, कम्तीको थियौ कि तिमी,
फकाई फकाई खिर खुवाउँथ्यौ, उल्टै मलाई हिर्काउँथ्यौ ।[४]

केटीः मैले किन बिर्सिन्थैँ र उल्टो चप्पल लाको
आफ्नो चप्पल त्यहीँ बिर्सिएर लाइछु माइला बाको
कति खाइयो झटारो, तिम्ले सिकाइ हाल्यौ
बदमास गर्ने चटारो, कति खाइयो झटारो ।[४]

केटाः तिमी पनि ठूली भैचौ म नि भाछु ठूलै, म नि भाछु ठूलै
अब बल्ल बन्नुपर्छ साच्चै दुलादुलही
केटाकेटी पाराले हुन्न सानु अब,
केटाकेटी पाराले थुक्न थाले साराले ।[४]

केटीः तिम्रो फोटो हेरी राखेँ रातमा जागी जागी हो रातमा जागी जागी
बाउले दिन नमाने नी जाउला बरु भागी हो देउता मानि पुग्नेछु
आँखा झिम्काउ कालु हुन्छ भनी बुझ्ने छु
देउता भनी पुज्ने छु ।[४]

केटाः खुस्स अब बजार झरी जाम्ला मन्दिरतिर जाम्ला मन्दिरतिर
मनले भन्छ रंगाइदिई हाल मायालुको शिर
अझै पनि छ बेला
लुगा पोको पार किन गर्छेऊ अबेला, अझै पनि छ बेला ।[४]

केटीः तिमलाई मात्र हेरी राछु भाछु कति खुशी, भाछु कति खुशी
खुशी भएर खसेका यी आँसु पुछि-पुछि
हिँड त नि हात समाई,
गाउँदै बाइबाई गरौं चौतारीको पात समाई हिँड त नि हात समाई ।[४]

❖❖❖

**एल्बमः मलाई त मेरै देश प्यारो (२०७३)**

**स्वरः रामजी पौडेल, सरस्वती परियार, माया गिरी र अम्बिका बानियाँ**

**शब्द/लयः रामजी पौडेल**

केटीः कोही नाँचे हिन्दी गीतमा कोही त नाँचे डिस्को
म भ्याउरेमा नाँच्दानाँच्दै पसिना नै निस्क्यो
हे संगी हो मलाई त तीजैको गीत मिठो यसैमा नाच्छु छमछम
हे संगी हो मलाई त देश प्यारो देशैमा नाच्छु छमछम
हे संगी हो मलाई त तीजैका गीत मिठो यसैमा नाच्छु छमछम
हे संगी हो मलाई त देश प्यारो देशैमा नाच्छु छमछम ।

केटाः कोही त गए साउदी कतार कोही त गए दुवई
मलाई भने मेरै देशको माया लाउँछ खुबै
हे साथी हो मलाई त भ्याउरे गीत मिठो यसैमा नाच्छु छमछम
हे साथी हो मलाई त देश प्यारो देशैमा नाच्छु छमछम
हे साथी हो मलाई त भ्याउरे गीत मिठो यसैमा नाच्छु छमछम
हे साथी हो मलाई त देश प्यारो देशैमा नाच्छु छमछम ।

केटीः च्याट्टै गुन्युचोली लाउँदा सबैको मन छुन्छ
घिनत्याङ घिनत्याङ मादल बज्दा नाचम नाचम हुन्छ, नाचम नाचम हुन्छ
हे संगी हो मलाई त ..................................।

केटाः आफ्नै देशमा हाँस्न पाइयो आफ्नै देशमा घुम्न
सबैभन्दा मिठो लाउछ बासुरीको धुन, बासुरीको धुन
हे साथी हो मलाई त ..................................।

केटीः किन चाहियो सुनचाँदी किन चाहियो हिरा
आफ्नो जे छ त्यही लगाउँछु छैन मलाई पीर, छैन मलाई पीर
हे संगी हो मलाई त ..................................।

केटाः  ढाकाटोपी ढल्काउँदा छुट्टै हुने शान
गाउँमा दुःख गरे नि पुगेकै छ खान, पुगेकै छ खान
हे साथी हो मलाई त ................................।

केटीः  मःम, चाउमिन, पिजा भन्दा गाउँकै आटो मिठो
ज्यानलाई पनि तागतिलो खाँदा कति मिठो, खाँदा कति मिठो
हे संगी हो मलाई त ................................।

केटाः  यहीँ फलाउँछु काउली बन्दा यहीँ फलाउँछु काँक्रा
जान्न विदेश पाल्छु बरु कुखुरा र बाखा, कुखुरा र बाखा
हे साथी हो मलाई त ................................।

❖❖❖

**एल्बमः सानुमाया (२०७३)**

**स्वरः रामजी पौडेल र तुलसा जिसी** **शब्द/लयः रामजी पौडेल**

केटाः हे सानु हिउँद लाउने मंसिर महिना वर्षा लाउने जेठ
हे सानु हितकारी मायासँग कहिले होला भेट ।[२]
सलल ओइ सलल पानी, पानी मुनि छाया
झन टाढा जान्छु झन-झन लाउँछ माया ।[३]
ओइझन टाढा जान्छु झन-झन लाउँछ माया ।

केटीः हे सानु न्याउली रोयो निगालामा कोइली रोयो बाँसमा
हे सानु मैनौ बित्यो प्रतीक्षामा मिलनको आशामा ।[२]
सलल ओइ सलल पानी, पानी मुनि छाया
झन टाढा जान्छु झन-झन लाउँछ माया ।[३]
ओइ झन टाढा जान्छु झन-झन लाउँछ माया ।

केटाः हे सानु पारि पाखा वरपीपल वारि पऱ्यो छायाँ
हे सानु गाग्री भरी पानी भर्नु मनै भरी माया ।[२]
सलल ओइ सलल पानी,....................।

केटीः हे सानु पधेँरीमा चिसो पानी अधेँरीमा जून
ए सानु कहिले पाउँला भेट हुन, झम्टी झम्टी रुन ।[२]
सलल ओइ सलल पानी,....................।

केटाः हे सानु चाँदी जोखौँ तोला तोला सुन जोखौँ रति
हे सानु तीर्थतिर बाली रौँला सम्झनाको बत्ति, सम्झनाको बत्ति ।[२]
सलल ओइ सलल पानी,....................।

केटीः हे सानु काँकरीको अचार मिठो मुसरीको दाल
ए सानु दिन रातको सम्झनाले बिग्रने भो चाल ।[२]
सलल ओइ सलल पानी,....................।

केटाः हे सानु पञ्चासेको चिसो पानी फेवातालको माछा
हे सानु मै दुखीलाई बिर्से पनि नबिर्से है बाचा ।[२]
सलल ओइ सलल पानी,....................।

केटीः हे सानु तारे खेतमा रोपाईं गर्ने असारको महिना असारको महिना
ए सानु मै मोरेर जाम्ला बरु माया मार्ने छैन ।[२]
सलल ओइ सलल पानी,....................।

❖❖❖

**एल्बमः मेरी मायालु कति राम्री हुन् (२०७३)**

**स्वरः रामजी पौडेल र अम्बिका बानियाँ** **शब्द/लयः अम्बिका बानियाँ**

केटाः हे हिजैदेखि श्रीमतीको बेग्लै भाछ मन
सासु बुहारी गुनगुन गर्छौ के कुरा हो भन ।[२]
तिरीरी मुरलीको धुन मेरी मायालु कति राम्री हुन् ।[४]

केटीः हे भन्नु भाथ्यो तीजमा तिम्ले जे भने नि मान्छु
दश, बीस हजार ल्याउँनु स्वामी पार्लरतिर जान्छु ।[२]
तिरीरी मुरलीको धुन मेरा स्वामीज्यू कति बुझ्ने हुन् ।[४]

केटाः हे किन चाहियो दश, बीस हजार लैजाउ पाँचै हजार
आमालाई नि आज यसो घुमाइदेऊ है बजार ।[२]
तिरीरी मुरलीको धुन मेरी मायालु कति राम्री हुन् ।[४]

केटीः हे पाँच हजारले लाली पाउडर किन्न मात्र ठिक्क
आमालाई नि लान्छु पार्लर अलि पैसा झिक ।[२]
तिरीरी मुरलीको धुन मेरा स्वामीज्यू कति बुझ्ने हुन् ।[४]

केटाः हे आमाको नि कपाल फुल्न लाग्यो कालो हाल्न लाउनु
लौ लौ पैसा बेलैमा जानु छिट्टै घर आउनु ।[२]
तिरीरी मुरलीको धुन मेरी मायालु कति राम्री हुन् ।[४]

केटीः हे स्टेट गर्छु मेरो कपाल आउन हुन्छ ढिलो
भात पकाउनु अस्तिको झैं नबनाउनु गिलो ।[२]
तिरीरी मुरलीको धुन मेरा स्वामीज्यू कति बुझ्ने हुन् ।[४]

केटाः हे अरुको त सासु बुहारी भ्रुगडा गर्छन् तन्न
आफ्नो भने दुईटै उस्तै केही हुँदैन भन्न ।[२]
तिरीरी मुरलीको धुन मेरी मायालु कति राम्री हुन् ।[४]

केटीः हे सासु बुहारी भ्रुगडा गर्ने जमाना त गए
लुछाचुडी गर्ने जमाना गए बुढा दुईटै बुझ्ने भए ।[२]
तिरीरी मुरलीको धुन मेरा स्वामीज्यू कति बुझ्ने हुन् ।[४]

केटाः हे जे भए नि श्रीमतीको यति एउटा गुन छ
आमाको नि घुम्रो कपाल तन्काइ दिए हुन्छ ।[२]
तिरीरी मुरलीको धुन मेरी मायालु कती राम्री हुन् ।[४]

केटीः हे सासु पनि मोडेल हुन्छन् बुहारी मोडेल भएसी
पीर गर्न पर्दैन मैले लिएर गएसी ।[२]
तिरीरी मुरलीको धुन मेरा स्वामीज्यू कति बुझ्ने हुन् ।[४]

❖❖❖

# सन्दर्भ सूची


क्षत्री, गोमबहादुर (२०६८) **नेपाली लोकगीतको विकासमा नारायण रायमाझीको योगदान** (स्नातकोत्तर अप्रकाशित शोधपत्र) पाल्पा : त्रिभुवन बहुमुखी क्याम्पस ।

जोशी, सत्यमोहन (२०१४) **नेपाली लोक संस्कृति**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

ज्ञवाली नारायणप्रसाद (२०५४), **अलि मियाँको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (स्नातकोत्तर अप्रकाशित अध्ययनपत्र), पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

ढुङ्गाना शोभा (२०६९) **थप्रेक क्षेत्रमा प्रचालित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** (स्नातकोत्तर अध्ययनपत्र), पोखरा : पृथ्वीनारायण क्याम्पस ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली साहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

थापा गोदार, दुर्गाबहादुर (२०७०) **चोलेन्द्र पौडेलले गाएका गीतहरूको अध्ययन** (स्नातकोत्तर अध्ययनपत्र), पोखरा : पृथ्वीनारायण क्याम्पस ।

न्यौपाने, कुसुमाकर (२०६०), **पश्चिमाञ्चल क्षेत्रमा प्रचलित लोकगीतको: एक अध्ययन** (शोध प्रबन्ध), काठमाडौं : त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पन्त, कालीभक्त (२०५८), **हाम्रो सांस्कृतिक इतिहास,** स्याङ्जा : लेखक स्वयम् ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन ।

पराजुली मोतीलाल र गिरी जिवेन्द्र ( २०६८ : १) **नेपाली लोक साहित्यको रूपरेखा**

पोखरेल, बालकृष्ण र अन्य (२०४०) **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, रामजी (२०६३), **बस्नुपर्‍यो रोई,** काठमाडौं : माछापुच्छ्रे क्यासेट सेन्टर ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६४) **लोकवार्ता विज्ञान र लोक साहित्य** : काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुनाम, सविना (२०६९), **पद्मराज ढकालले गाएका गीतहरूको अध्ययन,** (स्नातकोत्तर अप्रकाशित अध्ययनपत्र), पोखरा : नेपाली विभाग पृथ्वीनारायण क्याम्पस ।

श्रेष्ठ, आनन्द सुन्दर (२०६१), **हरिदेवी कोइरालाले गाएका गीतको अध्ययन,** (स्नातकोत्तर अप्रकाशित अध्ययनपत्र), नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा ।